# उच्चस्तरीय मिडिया सुझाव आयोग

# प्रतिवेदन, २०६३

# उच्चस्तरीय मिडिया सुझाव आयोग
# (२०६३)

(राधेश्याम अधिकारी)
अध्यक्ष

| | | | |
|---|---|---|---|
| (रघु मैनाली)<br>सदस्य | (बालकृष्ण चापागाईं)<br>सदस्य | (मुरारीकुमार शर्मा)<br>सदस्य | (विष्णु निष्ठुरी)<br>सदस्य |
| (रामरिझन यादव)<br>सदस्य | (ध्रुवहरि अधिकारी)<br>सदस्य | (विनय कसजू)<br>सदस्य | (बबिता बस्नेत)<br>सदस्य |
| (मुकुन्दप्रसाद आचार्य)<br>सदस्य-सचिव | (शिवलाल मल्ल)<br>सदस्य | (प्रतीक प्रधान)<br>सदस्य | (राजेन्द्र दाहाल)<br>सदस्य |

# भूमिका

जनताको सुसूचित हुने हक सुनिश्चित गर्ने र जनतामा सूचना प्रवाह गर्ने माध्यमहरूको स्वतन्त्रताको रक्षा गर्ने प्रमुख काम भावी सञ्चार नीतिको मेरुदण्ड हुनुपर्दछ भन्ने मान्यतामा आधारित रहेर नेपाल सरकारद्वारा गठन भएको उच्चस्तरीय मिडिया सुझाव आयोगलाई दिइएको कार्यक्षेत्रभित्र रही तोकिएको समयावधिभित्रै सरकारलाई प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आयोगका सबै सदस्यहरूलाई खुशी लाग्नु स्वाभाविक हो ।

पारदर्शीताको लागि राज्यले सक्रिय सूचना प्रवाह पद्धति अवलम्बन गर्नुपर्दछ, कुनै पनि सूचना खोजेर मात्र पाउने अवस्था रहनु उचित होइन, आफूले गरेका निर्णय र कार्यहरूको विवरण आफैं सार्वजनिक गर्न राज्य तत्पर रहनुपर्दछ । सञ्चार माध्यमलाई विकाससँग एकीकृत गर्नु उत्तिकै आवश्यक छ । आम सञ्चार क्षेत्रमा व्यापारीकरणलाई न्यून गर्ने, एकाधिकार कायम हुन नदिने र विचारको बहुलवादी चरित्रलाई प्रोत्साहित गर्ने दृष्टिकोण राखिनु जरुरी छ । त्यसैगरी हाम्रोजस्तो बहुभाषिक, बहुजातीय तथा बहुधार्मिक समाजमा अन्तरभाषिक, अन्तरजातीय, अन्तरधार्मिक सहिष्णुतालाई कायम राखी सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गरिनुपर्दछ ।

सञ्चार माध्यम र सञ्चारकर्मीहरूको व्यावसायिक मापदण्डको कुरा गर्दा स्वतन्त्रता र उत्तरदायित्व दुवै अविभाज्य छन् भन्ने तथ्यलाई स्वीकार गरिनुपर्दछ । उत्तरदायित्वसहितको स्वतन्त्रताको अवधारणाले पेशागत आचारसंहिता र घटनाहरूलाई हेर्ने समदृष्टिकोण समेतलाई समाहित गर्छ । व्यक्तिविशेषको गरिमा र स्वाभिमानको सम्मान गर्नु आम सञ्चारको मूलभूत मान्यता हुनुपर्दछ । लोकतन्त्रको संस्थागत विकासमा योगदान पुऱ्याउनका लागि आम सञ्चारका माध्यम प्रतिबद्ध र हरदम क्रियाशील रहनुपर्छ । तिनले राज्यको विभिन्न क्रियाकलापलाई विश्वसनीय, तथ्यपरक, वस्तुगत, निर्भीक र सन्तुलित ढंगबाट जनसमक्ष पुऱ्याउनुपर्छ । लोकतान्त्रिक संस्कारको निर्माण गर्ने र सामाजिक सद्भाव एवम् सामञ्जस्य अभिवृद्धिलाई सञ्चार माध्यमहरूले आफ्नो प्रमुख दायित्व ठान्नुपर्दछ ।

सञ्चारकर्मीहरूद्वारा समाचार संकलन, लेखन, सम्प्रेषण तथा विचार प्रवाह गर्दा पेशागत स्वतन्त्रतालाई कानूनी संरक्षण गर्ने व्यवस्था हुनु अनिवार्य छ । जनताको स्वतन्त्रता, शान्ति, समानतापूर्वक जीवन निर्वाह गर्न पाउने न्यायोचित अधिकारलाई प्रश्रय दिँदै धार्मिक, लैंगिक, भौगोलिक तथा जातीय विभेद भोगिरहेका जनता तथा समान अवसरबाट वञ्चित पक्षका तर्फबाट आवाज उठाउनु सञ्चार जगत्को कर्तव्य हुन आउँदछ । लोकतान्त्रिक सहभागिताका लागि आम सञ्चारका माध्यममा विषयवस्तु तथा सामग्रीको विविधतालाई पूर्व सर्तको रूपमा स्वीकारिनुपर्दछ । सूचना तथा विचारले सुसूचित जनता मात्र सही निर्णय प्रक्रियामा सामेल हुन सक्ने तथ्यलाई इन्कार गर्नु हुँदैन ।

माथि उल्लेख गरिएका तथ्यप्रति चनाखो रहँदारहँदै पनि आयोगद्वारा तयार पारिएको प्रतिवेदन समयको सीमितता, सरोकारवालाहरूसँग विचारविमर्शको सीमितता, मुलुक संक्रमणकालीन अवस्थामा रहेका कारणसमेतले गर्दा प्रतिवेदनमा समावेश र सुधार गर्ने प्रशस्त गुन्जायस रहेको आयोगलाई महसुस भएको छ ।

आयोगले प्रतिवेदन तयार गर्ने क्रममा धेरै संघ-संस्था, व्यक्ति, विशेषज्ञहरूको सहयोग, सद्भावना पाएको छ । प्रतिवेदनको प्रक्रियामा सहभागी भएका सबै संघ-संस्था, व्यक्ति विशेषज्ञहरूप्रति आयोग आभार प्रकट गर्दछ । यसका अतिरिक्त नेपाल का लागि अन्तराष्ट्रिय प्रेस स्वतन्त्रता र वाक् स्वतन्त्रता मिसनका प्रतिनिधिहरूले यस आयोगमा आई गर्नुभएको छलफल र त्यसपछि लिखित रूपमा प्रेषित सुझावका लागि यो आयोग धन्यवाद दिन चाहन्छ । साथै खोज पत्रकारिता केन्द्र र , सामुदायिक रेडियो सहयोग केन्द्र- नेपाल वातावरण पत्रकार समूहले आर्थिक स्रोत प्रदान गरी उल्लेखनीय सहयोग पुऱ्याएकोमा आयोग कृतज्ञता ज्ञापन गर्दछ । यस प्रतिवेदनलाई वर्तमान स्वरूप दिन अथक परिश्रम गर्नुहुने न्यायपरिषद्का पूर्व सचिव काशीराज दाहालप्रति आयोग आभार प्रकट गर्दछ । सूचना विभाग र यसका कर्मचारीहरूको सहयोग र सक्रियताका कारण नै समयभित्र प्रतिवेदन तयार भएको पक्षलाई आयोग बिर्सन सक्दैन ।

संविधान सभाद्वारा राज्यको पुनर्संरचना भएपछि र संविधानको स्वरूप तयार गरिँदा यो प्रतिवेदनमा उल्लेख गरिएका सुझाव र सिफारिसहरूलाई जनताको सञ्चार अधिकार र सुसूचित हुने हकको संरक्षण सुनिश्चित गर्न मार्गदर्शकको रूपमा रहने विश्वास आयोगको रहेको छ ।

आयोग गठन गरी जिम्मेवारी सुम्पेर यसका लागि आवश्यक पर्ने विविध प्रकारका सहयोग प्रदान गरेकोमा आयोग नेपाल सरकारप्रति आभार प्रकट गर्दछ । यो प्रतिवेदन लागू गर्ने कर्तव्य नेपाल सरकारको हो र आयोगको प्रतिवेदनलाई सरकारले यथाशीघ्र कार्यान्वयन गर्नेछ भन्ने विश्वास आयोगले लिएको छ ।

. .. . . . . . . . .. .

२०६३ भदौ ३०

(राधेश्याम अधिकारी)
अध्यक्ष
उच्चस्तरीय मिडिया सुझाव आयोग

# प्रतिवेदनको सारांश

नेपाल सरकारद्वारा गठित उच्चस्तरीय मिडिया सुझाव आयोग (२०६३) लाई संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याहरूको पहिचान गरी त्यसको समाधानको लागि सुझाव दिन कार्यक्षेत्र तोकिएकोमा आयोगले तोकिएको समयभित्रै प्रेस र सञ्चार जगत्बाट प्राप्त विभिन्न सुझाव र छलफलसमेतको आधारमा सञ्चार माध्यमको स्वतन्त्रताको संरक्षण, जनताको सुसूचित हुने हकको प्रभावकारी प्रचलन र प्रेसको संस्थागत विकासका लागि देहायका क्षेत्रमा देहायबमोजिम सुधार हुन आवश्यक देखिएको छ ।

आयोगले सञ्चारसम्बन्धी सुझावहरु प्रस्तुत गर्ने क्रममा सञ्चार संस्थाहरुको संरचनागत सुधार, संवैधानिक र कानूनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन, विज्ञापन नीति, सम्परीक्षण र वर्गीकरण, सञ्चारमा विदेशी लगानी तथा क्षेत्रगत सुधारका विषयहरुमा आफ्नो ध्यान केन्द्रित गरेको छ ।

संरचनागत सुधारका विषयमा जनताको सूचनाको हक स्थापित गर्न सूचना तथा सञ्चार आयोगको गठन गर्ने सुझाव दिईएको छ भने प्रसारण संस्थाहरुको व्यवस्थापनका लागि राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना, सरकारी ईलेक्ट्रोनिक सञ्चार माध्यमको व्यवस्थापन गर्न सार्वजनिक सेवा प्रसारण निकायको स्थापना तथा प्रेस काउन्सिललाई छापाका अतिरिक्त इलेक्ट्रोनिक र डिजिटल माध्यमबाट गरिने पत्रकारितामा आचारसंहिता लागू गर्न सकिने गरी जिम्मेवारी थपिनुपर्ने सुझावहरु रहेका छन् ।

संवैधानिक र कानूनी सुधारका विषयमा आम सञ्चारको क्षेत्रलाई चौथो अङ्गको रूपमा स्वीकार गरी संरक्षण गरेको कुरा प्रत्यक्ष अनुभूति हुनुपर्ने, यसका निम्ति संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माणमा सञ्चार माध्यमको भूमिका अहम् रहने तथ्यलाई प्रतिविम्बित गर्ने, अभिव्यक्ति स्वतन्त्रता र सबै किसिमका सञ्चार माध्यमको स्वतन्त्रतामा राज्यले स्वेच्छाचारी किसिमबाट हस्तक्षेप गर्न नपाउने कुराको सुनिश्चितता गर्ने, जनताको सुसूचित हुन पाउने हकको आधारभूत मान्यताहरूलाई संविधानमा नै स्पष्टरूपमा प्रत्याभूति गर्ने ।

आम सञ्चारको क्षेत्रमा महिला, पिछडिएका वर्ग, आदिवासी, जनजाति, दलित, मधेशी, अपाङ्गहरुको न्यायोचित प्रतिनिधित्वका लागि विशेष संरक्षणको व्यवस्था हुनुपर्ने ।

संरचनागत सुधारका लागि चाहिने विशेष ऐनहरुबाहेक अन्य कानूनको हकमा पत्रकारिता र प्रकाशन/प्रसारण छाता कानूनको निर्माण गर्नुपर्ने सुझावहरु राखिएका छन् । जसअनुरूप पत्रकारिताको व्यावसायिक र श्रमजीवी पत्रकारहरुलाई समेट्ने गरी पत्रकारितासम्बन्धी कानून र प्रकाशन/प्रसारण संस्थाको सञ्चालन र दायित्वको विषयलाई समेट्ने गरी प्रकाशन/प्रसारणसम्बन्धी कानून बनाइनुपर्ने ।

सरकारी माध्यमहरु सम्पूर्णरुपमा सरकारी नियन्त्रणबाट अलग गरिनुपर्ने । गोरखापत्र संस्थानको हकमा यसका प्रकाशनका ब्राण्ड र सम्पत्ति छुट्याई ब्राण्ड नमासिनेगरी निजीक्षेत्रलाई बढाबढको आधारमा संचालन गर्न दिने । यसो गर्दा संस्थानमा काम गर्ने सञ्चारकर्मी, कर्मचारीको उचित

व्यवस्थापन गर्नुपर्ने । नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रुपमा ऐन बनाई रुपान्तरित गर्ने ।

विज्ञापन नीतिको सम्बन्धमा आयोगले विज्ञापनको प्रकृति, उद्देश्य र त्यसको असरका आधारमा "लोककल्याणकारी", "सार्वजनिक" र "व्यापारिक" भनी वर्गीकरण गर्ने, लोककल्याणकारी र सार्वजनिक सूचनासम्बन्धी विज्ञापन राज्यले समानुपातिक किसिमबाट वितरणको व्यवस्था गर्ने र त्यस्तो सम्पूर्ण विज्ञापन केन्द्रीकृत नगरी जिल्ला विकास समितिमार्फत बाँडिनुपर्ने भनी सुझाव दिएको छ । यस्तो विज्ञापन पत्रपत्रिका र रेडियोले पाउने ।

सम्परीक्षण र वर्गीकरणको सन्दर्भमा सञ्चार माध्यमको सम्परीक्षण र वर्गीकरणको काम प्रेस काउन्सिलमार्फत नभई विज्ञापनदाता, प्रकाशक, सञ्चारका उपभोक्तासमेत रहेको स्वतन्त्र सम्परीक्षण समितिबाट वस्तुनिष्ठ र पारदर्शी रूपमा हुने व्यवस्था गर्ने । निश्चित सर्त र सिद्धान्तका आधारमा सम्परीक्षण समितिले राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा सञ्चार माध्यमको वर्गीकरण गर्ने व्यवस्था गर्ने ।

सञ्चार क्षेत्रमा विदेशी लगानीलाई बिस्तारै उघार्दै लैजाने नीतिलाई संसारका धेरै देशहरुले अवलम्बन गर्दै गरेको परिप्रेक्ष्यमा नेपालमा पनि विदेशी लगानीलाई गोप्य रुपमा छिर्न दिनुभन्दा पारदर्शी ढङ्गले ल्याउन उचित ठानिएको छ । आयोगले विदेशी लगानीलाई राष्ट्रिय तहका सबै माध्यममा आउन दिनुपर्ने सुझाव दिएको छ तर यस्तो लगानी ४९ प्रतिशतभन्दा बढी हुन नहुने, व्यवस्थापन प्रमुख नेपाली नागरिक नै हुनुपर्ने तथा सम्पादकीय विभागमा काम गर्ने सम्पूर्ण कर्मचारी नेपाली नै हुनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

सञ्चार माध्यममा गरिनुपर्ने क्षेत्रगत सुधारहरुमा छापा माध्यमको दर्ता गृह प्रशासनमा गर्ने कुरा अव्यावहारिक देखिएकाले जिल्ला विकास समितिलाई पत्रपत्रिका दर्ता गर्ने काम सुम्पिने र पत्रपत्रिकाको नाम दोहोरो नपरोस् भन्नाका खातिर सोको अभिलेख सूचना विभागमा पठाई वा विभागको वेबसाइटमा अद्यावधिक गरी तीन दिनभित्र दर्ता गर्ने व्यवस्था गर्ने । श्रमजीवी पत्रकारको हकमा अन्य व्यवस्थाका अतिरिक्त ५ वर्ष पुराना संस्थाले आफ्ना सम्पूर्ण कर्मचारी मध्ये एक तिहाइलाई अनिवार्य रुपमा स्थायी नियुक्ति दिनुपर्ने तथा करारका कर्मचारीले उपदान, बिदा र औषधि खर्च स्थायीसरह पाउने अनिवार्य व्यवस्था गर्ने ।

रेडियो माध्यमलाई प्रसारणको इजाजत दिँदा त्यस्तो प्रसारण माध्यमको उद्देश्य सार्वजनिक सेवा वा व्यापारिक वा सामुदायिक कुन किसिमको हो र राष्ट्रिय, क्षेत्रीय वा स्थानीय कुन हो सो कुरा सेवा र क्षेत्रको प्रकृतिका आधारमा वर्गीकरण गरी सार्वजनिक सेवा प्रसारण र सामुदायिक रेडियो माध्यमलाई राज्यले विशेष सहुलियत र सुविधा दिने व्यवस्था गर्ने ।

एफएम रेडियोको इजाजतको प्रक्रिया सरल र पारदर्शी बनाई सार्वजनिक प्रसारणका लागि दुई वटा र व्यापारिक प्रसारणका लागि बढीमा तीन वटा फ्रिक्वेन्सी राष्ट्रियस्तरको प्रसारणका रूपमा राज्यले सुरक्षित राख्नुपर्ने । ३० वाटसम्म क्षमताका एफएम स्टेसन स्थानीय निर्वाचित निकाय र विश्वविद्यालयहरुले आफै संचालन गर्न पाउनु पर्ने ।

टेलिभिजन माध्यमलाई सेवामूलक र नाफामूलक उद्देश्यका आधारमा सार्वजनिक सेवा प्रसारण र व्यापारिक प्रसारण भनी वर्गीकरण गरी सार्वजनिक सेवाको उद्देश्यले सञ्चालन गरेको टेलिभिजनलाई राज्यले विशेष सहुलियत र सुविधा दिनुपर्ने । यसैगरी, सार्वजनिक सेवा प्रसारणको रूपमा टेलिभिजन सञ्चालन गरेबापत कम्पनी ऐन अन्तर्गतका करहरू वाहेक अन्य कर र शुल्कहरू नलाग्ने व्यवस्था गर्ने ।

केबुल टेलिभिजनले आफैं कार्यक्रम उत्पादन गरी प्रसारण गर्न चाहेमा उत्पादनको स्वीकृति लिई प्रसारण गर्न पाउने व्यवस्था गर्ने । केबुल टेलिभिजन माध्यमहरूले इमेल, फोन तथा भिडियो अनलाइनजस्ता सेवाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्ने ।

चलचित्र व्यवसायलाई प्रोत्साहन गर्न चलचित्र निर्माणका लागि पूर्व इजाजत लिनुपर्ने सबै खाले वर्तमान व्यवस्था खारेज गर्ने । चलचित्र प्रदर्शन पूर्व भिजुअल सेन्सरसिपलाई खारेज गरी चलचित्र ग्रेडिङको व्यवस्था गर्ने । नेपालका विभिन्न भाषा-भाषीमा चलचित्र निर्माणका लागि प्रोत्साहन गर्न राज्यले अनुदान, सहुलियत र सुविधा दिनुपर्ने । सूचनाको महामार्ग (फाइबर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिंक) हरुमा निजी क्षेत्रले लगानी गर्न पाउने र सेवा प्रदायक निकाय र पूर्वाधार सञ्चालन गर्ने निकाय फरक हुनुपर्ने ।

सूचना प्रविधिमा डिजिटल माध्यमलाई आम सञ्चारको मान्यता दिई यसको स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्ने । डिजिटल माध्यमसम्बन्धी कुनै पनि प्रकारका सेवा प्रदायक कम्पनीहरूबीच खुला प्रतिस्पर्धाको व्यवस्था गर्ने ।

# विषय-सूची


**भाग १**

**पाना नं.**

प्रारम्भिक १

**भाग २**

प्रेसका समस्या र संवैधानिक एवम् कानूनी संरक्षण ४

**भाग ३**

छापा माध्यमको स्थिति र सुधार १०

**भाग ४**

रेडियो माध्यम र सुधार १४

**भाग ५**

टेलिभिजन, चलचित्र र केबुल माध्यम र सुधार १७

**भाग ६**

सूचना प्रविधि/डिजिटल माध्यम र सुधार २२

**भाग ७**

प्रेस र सञ्चारको संस्थागत संरचना र सुदृढीकरण २६

**भाग ८**

विज्ञापन नीति, सम्परीक्षण र वर्गीकरण ३१

**भाग ९**

विविध ३४

**भाग १०**

अनुसूचीहरू

क. आयोगमा विभिन्न संघ/संस्था र निकायद्वारा सुझाव प्रस्तुत गर्नेहरूको विबरण ३६

ख. International Press Freedom and Freedom of Expression Mission to Nepal को सुझाव प्रतिवेदन ३७

ग. आयोगमा समितिहरूबाट पेश भएका प्रतिवेदनहरू ३८

घ. सन्दर्भ-सूची ३९

# भाग-१

# प्रारम्भिक

## १. उच्चस्तरीय मिडिया सुझाव आयोगको गठन

नेपाल सरकार (मं.प.)को मिति २०६३।२।२९ र २०६३।३।१९ को निर्णयअनुसार देहायबमोजिम उच्चस्तरीय मिडिया सुझाव आयोग गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | मा. राधेश्याम अधिकारी, वरिष्ठ अधिवक्ता एवम् संसद् सदस्य | - अध्यक्ष |
| २. | श्री विष्णु निष्ठुरी, सभापति, नेपाल पत्रकार महासंघ | - सदस्य |
| ३. | श्री मुरारीकुमार शर्मा, अध्यक्ष, नेपाल प्रेस युनियन | - सदस्य |
| ४. | श्री बालकृष्ण चापागाईं, अध्यक्ष, प्रेस चौतारी नेपाल | - सदस्य |
| ५. | श्री रघु मैनाली, संयोजक, स्वतन्त्र रेडियो बचाउ आन्दोलन | - सदस्य |
| ६. | श्री बबिता बस्नेत, अध्यक्ष, सञ्चारिका समूह | - सदस्य |
| ७. | श्री विनय कसजू, वरिष्ठ पत्रकार | - सदस्य |
| ८. | श्री ध्रुवहरि अधिकारी, अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट | - सदस्य |
| ९. | श्री रामरिझन यादव, सम्पादक, पूर्व साप्ताहिक | - सदस्य |
| १०. | श्री राजेन्द्र दाहाल,सम्पादक, हिमाल खबर पत्रिका, पछि, अध्यक्ष, प्रेस काउन्सिल नेपाल | - सदस्य |
| ११. | श्री प्रतीक प्रधान, सम्पादक, दि काठमाडौं पोष्ट | - सदस्य |
| १२. | श्री शिवलाल मल्ल, अध्यक्ष, ब्रोड्कास्टिङ एसोसियसन नेपाल | - सदस्य |
| १३. | श्री मुकुन्दप्रसाद आचार्य, महानिर्देशक, सूचना विभाग | - सदस्य सचिव |

## २. आयोगको कार्य क्षेत्र र समयावधि

१. क. आम सञ्चारका माध्यमहरूले प्रेस स्वतन्त्रताको उपयोग एवम् मर्यादित व्यावसायिक र संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याको पहिचान गरी त्यसको समाधानका लागि सुझाव दिने ।

ख. छापा र प्रसारण  सञ्चार माध्यमहरुको दर्ता, सञ्चालन र अनुगमन प्रक्रियामा देखिएका कमी र त्रुटिहरू हटाउन आवश्यक सुझाव दिने ।

ग. आमसञ्चार माध्यमहरूको वर्गीकरण र विज्ञापन नीतिबारे सुझाव दिने ।

घ. आयोगले आवश्यक देखेका अन्य विषयहरू ।

२. आयोगको कार्य अवधि दुई महिनाको हुने र कार्यालय सूचना विभाग, सञ्चारग्राममा रहने ।

## ३. आयोगले अपनाएको कार्यविधि

मिति २०६३।३।२८ गते आयोगको पहिलो बैठक बसी आयोगद्वारा विभिन्न कार्यविधि निर्धारण गरियो । जस अनुरूप आयोगले देहायबमोजिमको कार्यविधि अपनाई प्रतिवेदन तयार गरेको छ ।

क. सुझाव संकलन गर्न पाँच विकास क्षेत्रमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय भएअनुरुप विभिन्न मितिमा विराटनगर, जनकपुर, पोखरा, नेपालगन्ज र महेन्द्रनगरमा अन्तर्क्रिया गरी सुझाव संकलन गरियो ।

ख. आयोगको कार्यालयमा व्यक्तिगत पत्र, हुलाक, फ्याक्स, ई-मेल आदि कुनै पनि माध्यमबाट सुझाव पठाउन सार्वजनिकरूपमा पत्रपत्रिकामा सूचना प्रकाशित गरियो ।

ग. आयोगले तोकिएको कार्यक्षेत्रबमोजिम काम गर्न कार्यतालिका तयार गरी विभिन्न प्रतिवेदनहरूको संकलन एवम् वितरण, सदस्यहरूको समूह विभाजन, विभिन्न विषयगत समूहसँग अन्तर्क्रिया, विशेषज्ञहरूसँग परामर्श र सुझावहरूको अभिलेखन गरी छलफलद्वारा प्रतिवेदन तयार गरियो ।

आयोगद्वारा छापामाध्यम, रेडियो (एफएम समेत), टिभी च्यानल, अनलाइन, प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकार, केबुल प्रसारण र बुद्धिजीवी आदिसँग प्रत्यक्ष भेटघाट, छलफल गरी अन्तर्क्रियाको माध्यमबाट सुझाव संकलन गर्न देहायअनुसारको आयोगका सदस्यहरू सम्मिलित समितिद्वारा कार्य सम्पादन गरियो । प्रतिवेदन तयार गर्नुपूर्व नै आयोगद्वारा अन्तरिम संविधान मस्यौदा समितिमा राज्यको सञ्चार क्षेत्रलाई चौथो अंगको रूपमा स्वीकार गर्न र राष्ट्रिय सञ्चार आयोगको संवैधानिक निकायको रूपमा स्थापना गर्ने समेतको सुझाव प्रस्तुत गरियो ।

**क. निकाय र कानून समिति**

१. मा. राधेश्याम अधिकारी - संयोजक
२. श्री विष्णु निष्ठुरी - सदस्य
३. श्री राजेन्द्र दाहाल - सदस्य
४. श्री मुकुन्दप्रसाद आचार्य - सदस्य

**ख. छापामाध्यम समिति**

१. श्री बबिता बस्नेत - संयोजक
२. श्री मुरारीकुमार शर्मा - सदस्य
३. श्री रामरिझन यादव - सदस्य
४. श्री प्रतीक प्रधान - सदस्य

**ग. रेडियो, टिभी, सिनेमा, केबुल समिति**

१. श्री रघु मैनाली - संयोजक
२. श्री शिवलाल मल्ल - सदस्य
३. श्री ध्रुवहरि अधिकारी - सदस्य

**घ. सूचना तथा सञ्चार प्रविधि समिति**

| | | | |
|---|---|---|---|
| १. | श्री विनय कसजू | - | संयोजक |
| २. | श्री बालकृष्ण चापागाईं | - | सदस्य |

# भाग २

# प्रेसका समस्या र संवैधानिक एवम् कानूनी संरक्षण

**पृष्ठभूमि**

स्वतन्त्र सञ्चार माध्यम आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थाको आधारस्तम्भ मानिन्छ । राज्य प्रणालीलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउन प्रेस र सञ्चार माध्यमको स्वतन्त्रता अपरिहार्य हुन्छ । स्वच्छ जनमतको निर्माणमा आम सञ्चारको नेतृत्वदायी भूमिका रहन्छ । जनताका समस्या, चाहना र आकांक्षालाई सरकारसमक्ष पुऱ्याउने र सरकारका क्रियाकलाप एवम् गतिविधि जनतासमक्ष प्रवाह गर्ने सशक्त माध्यम भनेकै सञ्चारका माध्यम हुन् । यिनीहरूको स्वतन्त्रता सुनिश्चित नहुँदा स्वस्थ जनमतको निर्माण असम्भव हुन पुग्छ । राज्यका क्रियाकलाप र गतिविधिबारे जनता सुसूचित नभएसम्म जिम्मेवार र उत्तरदायी सरकारको अपेक्षा गन सकिन्न । समग्रमा विचार र अभिव्यक्ति स्वतन्त्रता तथा आम सञ्चार माध्यमको लोकतन्त्रीकरणबिना जनताको हक-अधिकारको सुनिश्चितता सम्भव हुनसक्दैन ।

राज्य प्रणालीप्रति जनताको विश्वास र आस्था वृद्धि गर्न राज्यले सुशासनका मान्यतालाई आत्मसात् गरी सूचनामा आम नागरिकको पहुँचलाई सहज र सरल बनाउन सक्नुपर्छ । लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारका काम-कारबाही पारदर्शी हुनुपर्दछ । सार्वजनिक महत्वका विषयमा सूचना माग्ने र पाउने नागरिकको आधारभूत नैसर्गिक अधिकारलाई राज्यले सिद्धान्त र व्यवहार दुवै तहमा आत्मसात् गर्नु जरुरी हुन्छ ।

मुलुकको समग्र विकासका निम्ति पनि स्वतन्त्र र सक्षम सञ्चार माध्यमको भूमिका अहम् रहन्छ । हाम्रोजस्तो भौगोलिक विकटता, यातायातको असुविधा, गरिबी, अशिक्षा र पछौटेपनबाट ग्रसित ग्रामीण समाजका जनतालाई चेतनशील र जागरुक बनाई मुलुकको मूल प्रवाहमा समेटेर राष्ट्र निर्माणमा उनीहरूको सहभागिता अभिवृद्धिका लागि आम सञ्चारको विकास र विस्तार अत्यन्त आवश्यक छ । लोकतान्त्रिक मान्यताअनुरूप राज्यका काम-कारबाही आम नागरिकलाई सुसूचित गर्ने र उनीहरूको राज्य व्यवस्थामा समावेशी चरित्रलाई प्रतिविम्बित गर्न नयाँ सञ्चार युगको निर्माण गर्नु अहिलेको खाँचो हो ।

नयाँ सञ्चार युगको निर्माणका निम्ति- स्वस्थ प्रतिस्पर्धाका आधारमा ग्रामीण स्तरसम्म सूचना तथा सञ्चारको विकास र विस्तार गर्नु, आम सञ्चारका माध्यमलाई व्यावसायिक, प्रतिस्पर्धात्मक, प्रभावकारी, सुदृढ र विश्वसनीय बनाउनु, सरकारको भूमिका हस्तक्षेपकारी नभई नियामक (Regulator) र सहजकर्ता (Facilitator) को हैसियतमा रहनु, प्रेसलाई राज्यले चौथो अंगको रूपमा स्वीकार गरेको अनुभूति संवैधानिक र कानूनी व्यवस्थाबाट देखिनु तथा जनताको सुसूचित हुन पाउने हकलाई सञ्चारका सबै किसिमका माध्यमबाट निर्वाध रूपमा उपभोग गर्न पाउने संवैधानिक एवम् कानूनी आधारहरूको निर्माण गरिनु पर्दछ ।

नेपालमा लोकतान्त्रिक समाज निर्माणमा आम सञ्चार माध्यमले निर्वाह गरेको भूमिका उल्लेखनीय रहेको कुरा स्थापित तथ्य हो । तत्कालीन निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध र बहुदलीय पद्धतिको स्थापनामा सञ्चार जगत्ले खेलेको भूमिकालाई मनन गर्दै नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस स्वतन्त्रताका आधारभूत मान्यताहरूलाई संरक्षित गर्न

पुग्यो । उक्त संविधानले प्रत्याभूत गरेको छापाखाना र प्रकाशनसम्बन्धी हकको कारण सञ्चार जगत्को विस्तार र विकास अत्यन्तै उल्लेख्य रह्यो । पछिल्ला दिनमा निरंकुश राज्य व्यवस्थाविरुद्ध जनताको हक-अधिकारको संरक्षण मानव अधिकारको प्रत्याभूति, प्रतिस्पर्धी बहुदलीय र समावेशी राज्य व्यवस्थाको निर्माण, द्वन्द्व व्यवस्थापन र दिगो शान्ति स्थापनाको पक्षमा नेपाली प्रेसको आन्दोलनले निश्चय नै ऐतिहासिक भूमिका निर्वाह गरेको छ ।

१९ माघ, २०६१ को शाही कदमले नेपाली प्रेस माथि चर्को दमनगरी नागरिक स्वतन्त्रतालाई अभूतपूर्व रुपमा कुण्ठित गर्न पुग्यो । तर राजाको स्वेच्छाचारी शासन व्यवस्थालाई नेपाली प्रेसले पटक्कै सहन चाहेन । परिणामतः जनआन्दोलन २०६२/०६३ मा प्रेस र सञ्चार जगत्को भूमिका पुनः अगुवा र निर्णायक रहन गयो ।

**प्रेस र सञ्चार जगत्का समस्या**

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस र आम सञ्चारको स्वतन्त्रताको संरक्षणमा महत्वपूर्ण व्यवस्था गरेको भए पनि समयको विकास सँगसँगै प्रेस र सञ्चारको क्षेत्रमा भएको प्रगति र विस्तारले अनेकौं नयाँ चुनौती र आवश्यकताहरु सँगसँगै सिर्जना भएका छन् ।

- विद्यमान कानूनी संरचनाले प्रेस जगत्लाई राज्यको चौथो अंगको रूपमा विकसित गर्न आवश्यक पर्ने पर्याप्त आधार निर्माण गर्न नसकेको ।
- संविधानले विचार, अभिव्यक्ति स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हकको व्यवस्था गरेको भए पनि आम सञ्चारका क्षेत्रमा राज्यको हस्तक्षेपकारी भूमिका न्यूनीकरण गर्न पर्याप्त प्रावधानको अभाव ।
- २०४७ को संविधानले प्रेसअन्तर्गत छापासम्बन्धी हक-अधिकारलाई स्वीकार गरेको भए पनि दूरसञ्चारका साधन, श्रव्य-दृश्य, प्रसारण माध्यम जस्तै रेडियो/टेलिभिजन/अनलाइन/डिजिटल/इन्टरनेटजस्ता माध्यमबाट गरिने सूचना सम्प्रेषणको व्यवस्थालाई स्पष्ट रूपमा समेट्न नसकेको ।
- सूचनाको हक र गोपनीयताको हकलाई संविधानले कानूनको अधीनमा राखेको तर तत् सम्बन्धी कानूनको अभावमा सरकारी सूचनामा नागरिकको पहुँच सहज हुन नसकेको र यसैगरी वैयक्तिक गोपनीयतासम्बन्धी कानून नहुँदा प्रेस स्वतन्त्रता र निजीपनाबीचको सीमा निर्धारण हुन नसक्नुले समस्या उत्पन्न भएको ।
- पत्रपत्रिका र अन्य सञ्चार माध्यमको वर्गीकरणमा वस्तुगत मापदण्डको अभाव हुनु । त्यस्तै सञ्चार माध्यमको एकाधिकारलाई नियन्त्रण गरी स्वस्थ, प्रतिस्पर्धी बनाउने किसिमको कानूनी व्यवस्थाको अभाव पनि एउटा प्रमुख समस्याका रुपमा रही रहनु ।
- चलचित्र निर्माण, वितरण र प्रदर्शनमा इजाजत लिने सरल र पारदर्शी पद्धति तथा लगानीलाई प्रोत्साहन गर्ने वातावरण नहुनु । यसैगरी देशका विभिन्न भाषा-भाषीका चलचित्र निर्माणलाई प्रोत्साहनको अभाव हुनु ।
- प्रसारण संस्था र माध्यमलाई व्यवस्थित र नियमित गर्ने एकीकृत कानूनको अभाव, विद्यमान इजाजत लिने पद्धति जटिल र अपारदर्शी हुनु, रेडियो ऐन अद्यावधिक र समयसापेक्ष नहुनु, टेलिभिजन च्यानलहरूलाई व्यवस्थित र प्रोत्साहित गर्ने कानूनको अभाव हुनु, राजस्व दस्तुरको प्रक्रिया झन्झटिलो देखिनु ।

- सञ्चार माध्यममा विदेशी लगानीसम्बन्धी स्पष्ट नीति बन्न नसक्नु ।
- डिजिटल माध्यमलाई जनताको सुसूचित हुने हक र जनताप्रति पु¥याउनुपर्ने सेवाको रूपमा कानूनले आबद्ध गर्न नसक्नु ।
- आम सञ्चारका क्षेत्रमा नयाँ-नयाँ यान्त्रिक र प्रविधिको विकासअनुरूप त्यसलाई व्यवस्थित र नियमित गर्ने किसिमको कानून र नीति निर्माण हुन नसक्नु ।
- ग्रामीण-दुर्गम क्षेत्रमा सञ्चारसँग सम्बन्धित नयाँ प्रविधि पहुँचको अभाव हुनु ।
- सञ्चार क्षेत्रमा आवश्यक सक्षम जनशक्ति उत्पादन गर्न राज्य सक्रिय नहुनु । साथै जनशक्तिको व्यवस्थापन आम सञ्चार क्षेत्रको महत्वपूर्ण समस्याको रूपमा रहनु ।
- श्रमजीवी पत्रकारहरूको हक-हितको संरक्षण हुन नसक्नु, भएका कानूनको पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
- स्वस्थ पत्रकारिताको विकासको लागि पत्रकारको आचारसंहितामा प्रभावकारी अनुगमन गर्ने संयन्त्रको अभाव र फितलो कार्यान्वयनको अवस्था रहनु आदि ।

नेपालमा नयाँ सञ्चार युगको विकास गर्न माथि उल्लिखित मूलभूत समस्याहरूको निराकरण गर्दै आम सञ्चार माध्यमको पूर्ण लोकतन्त्रीकरण आवश्यक छ । यसका निम्ति जनताको सुसूचित हुने हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी लोकतान्त्रिक राज्य प्रणालीलाई संस्थागत र गतिशीलता प्रदान गर्न आम सञ्चार माध्यममा स्वतन्त्रताको निर्वाध प्रयोगको सुनिश्चितता जरुरी छ ।

**चौथो अंगको संवैधानिक र कानूनी संरक्षण**

जनताको सुसूचित हुने हकलाई संरक्षित गर्दै लोकतान्त्रिक राज्य व्यवस्थालाई संस्थागत गर्न नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूत गरेको प्रेसको स्वतन्त्रतामा अझ विस्तार गरी चौथो अंगको रूपमा रहेको प्रेस र सञ्चार माध्यमको अधिकारलाई संविधान तथा कानूनमा देहायबमोजिमको थप सुनिश्चितताको आवश्यकता छ ।

- संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माणमा जनताको व्यापक सहभागिता अभिवृद्धि गर्न र समावेशी लोकतन्त्रको अवधारणालाई साकार तुल्याउन आम सञ्चार माध्यमको भूमिका अहम् रहने तथ्यलाई प्रतिविम्बित गर्ने ।
- राज्यले आम सञ्चारको क्षेत्रलाई चौथो अंगको रूपमा स्वीकार गरी संरक्षण गरेको प्रत्यक्ष अनुभूति संविधानमा हुनुपर्ने ।
- सूचनाको हकलाई कानूनी अधिकारको विषय बनाई सार्वजनिक र सरकारी सूचनामा नागरिकको पहुँचलाई सहज र सरल बनाउन तदनुरूपको कार्य प्रणाली तथा उपचार पद्धतिको व्यवस्था गर्नुपर्ने ।
- संविधानले श्रव्य, श्रव्य-दृश्य, प्रसारणका माध्यम जस्तै- रेडियो/टेलिभिजन/अनलाइन/इन्टरनेटका सबै माध्यमलाई छापा माध्यमसरह पूर्ण स्वतन्त्रताको प्रत्याभूति गर्ने ।

- राज्यले बेलाबेलामा स्वेच्छाचारी कानून बनाई प्रेसमाथि नियन्त्रण र बन्देज गर्न सक्ने अवस्थाको अन्त्य गरी लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यको भूमिका हस्तक्षेपकारी नभई नियामक र सहजकर्ताको रूपमा रहने हुँदा सोहीअनुरूपको व्यवस्था संविधानमा हुनुपर्ने । यसैगरी संविधान प्रतिकूल हुने गरी राज्यको तहबाट प्रेसमाथि गरिएको हस्तक्षेपको विरुद्ध पीडित पक्षलाई सरल उपचारको व्यवस्था र उचित क्षतिपूर्तिको प्रत्याभूति हुनुपर्ने ।

- आम सञ्चारको विकास एवम् ग्रामीण स्तरसम्म सूचना तथा सञ्चारको विस्तार र विकास गर्ने कार्य राज्यको प्राथमिक दायित्वभित्र रहेको कुरा राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा उल्लेख गर्ने ।

- प्रेस र सञ्चार माध्यमको स्वतन्त्रतालाई अकुण्ठित रुपमा प्रयोग गरी जनताको सुसूचित हुने हकलाई संरक्षण गर्न सम्पादकीय स्वतन्त्रताको संरक्षण हुनुपर्ने । राज्य/ राजनीतिकि शक्ति, लगानीकर्ता र अन्य कुनैपनि पक्षको स्वार्थअनुरूप सञ्चार माध्यमहरूको सम्पादकीय स्वतन्त्रता कुण्ठित हुन सक्ने सम्भावनालाई मध्यनजर गरी सम्पादकीय स्वतन्त्रताको कानूनी प्रत्याभूति हुनुपर्ने । सम्पादकीय स्वतन्त्रताको अभावमा जनताको सुसूचित हुने हक कुण्ठित हुने तथ्यलाई राज्यले हरदम ध्यानमा राख्नुपर्ने ।

- जनताको सुसूचित हुने हकअन्तर्गत जनताले वास्तविक सूचना पाउन सञ्चार माध्यम स्वस्थ र प्रतिस्पर्धी हुनु अपरिहार्य हुन्छ । यसका निम्ति एकाधिकार नियन्त्रण गर्ने प्रतिस्पर्धात्मक कानून आवश्यक पर्दछ । राष्ट्रिय स्तरको छापा, रेडियो वा टेलिभिजनमध्ये कुनै एक सञ्चार माध्यममा ५१ प्रतिशतभन्दा बढी लगानी भएको व्यक्ति वा कम्पनीले अर्को राष्ट्रिय स्तरको सञ्चार माध्यम छापा, रेडियो, टेलिभिजन वा अनलाइन आदि सञ्चालन गर्ने सञ्चार संस्थामा २० प्रतिशतभन्दा बढी शेयर लगानी गर्न नपाउने कानूनी प्रावधान राख्ने । यसैगरी लगानी गर्ने व्यक्तिले आफूले लगानी गरेको कुनै पनि सञ्चार माध्यमका सम्बन्धमा सम्पूर्ण तथ्य र लगानीको विवरण पेश गर्दा नै आफ्नो र आफ्नो परिवारको स्रोतसहितको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था हुनुपर्ने ।

- डिजिटल माध्यम सञ्चालन गर्ने आधारको रूपमा रहेको सञ्चारको महामार्ग (फाइबर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिंक) लाई दूरसञ्चार, नेटवर्किङ तथा इन्टरनेट सेवा प्रदान गर्ने निकायहरूको स्वामित्व वा एकाधिकारमा राखिनु युक्तिसंगत हुँदैन । यसको लागि बेग्लै निकाय र संयन्त्रको निर्माण गरिनु जरुरी छ । भौतिक पूर्वाधारमा निजी क्षेत्रले समेत लगानी गर्न सक्ने वातावरण बनाउने र त्यसको अनुगमन सम्बन्धित प्राधिकरण वा तोकिएको निकायले गर्ने व्यवस्था हुनुपर्ने । भौतिक पूर्वाधारको उपयोग समानताको अधिकार (Right of way) को आधार सबै डिजिटल माध्यम उपयोगकर्ताहरू (दूरसञ्चार सेवा प्रदायक, इन्टरनेट सेवा प्रदायक, आम सञ्चारका कार्यक्रम उत्पादक र प्रसारक, वित्तीय संस्था आदि) ले उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने । यसैगरी केबुल टेलिभिजन माध्यमबाट सूचनाको प्रवाह गर्नका निमित्त सार्वजनिक स्थानमा गाडिएका पोल, टावर तथा बिच्छ्याइएका फाइबर अप्टिकस् आदि र डिजिटल माध्यम सञ्चालन गर्ने आधारको रूपमा रहेको सञ्चारको महामार्गलाई सार्वजनिक वा साझा श्रोतको रुपमा स्वीकार गरी तिनका उपभोगमा सबै सरोकारवालाहरूको हक सुनिश्चित गरिनुपर्दछ । यस्ता सार्वजनिक पूर्वाधार निर्माण र उपभोग गर्ने पक्षहरू एकै नभई अलग-अलग हुने व्यवस्था हुनुपर्ने ।

- सञ्चार माध्यमहरु सञ्चालन र प्रसारण गर्ने संस्था र निकायहरूलाई इजाजत दिने, नियमन तथा अनुगमन गर्ने कामका निमित्त स्वतन्त्र निकायको रुपमा प्रसारण प्राधिकरणको स्थापना हुनुपर्ने ।

- सूचनाको संवैधानिक हकलाई प्रभावकारी कार्यान्वयन गर्न स्वतन्त्र सूचना आयोगको स्थापना गर्ने ।

- अन्य क्षेत्रमा जस्तो प्रेस र सञ्चार उद्यममा विदेशी लगानीलाई निःशर्त खुला गर्नु उचित नहुने हुँदा राष्ट्रिय तहमा मात्र बहुसंख्यक शेयर नेपालीको रहने र सम्पादकीय स्वतन्त्रता एवम् व्यवस्थापनमा नेपालीको सार्थक भूमिका रहने व्यवस्था गरी प्रेस र सञ्चारका क्षेत्रमा विदेशी लगानीलाई निश्चित सीमाभित्र रही खुला गरिनुपर्ने । क्षेत्रीय तथा स्थानीय तहका सञ्चार माध्यमहरूमा विदेशी लगानी पूर्णरुपमा निषेधित गर्ने ।

- सुयोग्य र सक्षम जनशक्तिको अभावमा प्रेस वा सञ्चारबाट जनताको सुसूचित हुने अधिकारको संरक्षण हुन नसक्ने हुँदा त्यस्तो जनशक्ति उत्पादनमा राज्य स्वयम्ले समेत लागनी गरी निजी क्षेत्रलाई पनि त्यसतर्फ प्रोत्साहित गरिनुपर्छ । प्रेस र सञ्चार माध्यममा काम गर्ने जनशक्तिको व्यावसायिक दक्षता र सीप विकासका निम्ति स्वदेश तथा विदेशमा अध्ययन, अवलोकन, तालिम, प्रशिक्षणको व्यवस्था हुनुपर्ने ।

- श्रमजीवी पत्रकारहरूको हकहितको संरक्षण गर्न त्यस्ता पत्रकारहरूलाई शुरुमा करारमा नियुक्ति गर्न सक्ने तर करारमा नियुक्ति भएको अवस्थामै स्थायीसरह बिदा, औषधोपचार र उपदान पाउने कुरा करारपत्रमा उल्लेख गर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्ने । साथै ५ वर्ष पुगेको संस्थाले कम्तीमा पनि एक तिहाइ जनशक्तिलाई अनिवार्य रुपमा स्थायीको व्यवस्था गर्नुपर्ने प्रावधान कानूनमै व्यवस्थित गरिनुपर्ने ।

- राज्यको घोषित नीति अनुरुप आम सञ्चारका सार्वजनिक माध्यम र नियामक संस्थाहरूमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउने व्यवस्था गर्ने । कुल पत्रकार मध्ये ३३ प्रतिशत महिला सहभागिता वा प्रतिनिधित्व गराउने निजी क्षेत्रका प्रेस वा सञ्चार माध्यमहरूलाई राज्यले विशेष सहुलियत र सुविधा दिने व्यवस्था गर्ने । ३३ प्रतिशत महिलाको प्रतिनिधित्व र सहभागिता गराउँदा पिछडिएका समुदाय, दलित, मधेशी, जनजाति महिलाहरुलाई विशेष प्राथमिकता दिएको वा दिने व्यवस्था हुनुपर्ने ।

- नेपाल बहुजातिय, बहुभाषीक, बहुसाँस्कृतिक र बहुधार्मिक मुलुक भएको हुँदा प्रेस र सञ्चार माध्यमले सबैको सुसूचित हुने समान हकलाई सम्मान गर्दै विभिन्न भाषाभाषी र पिछडिएका वर्ग तथा स्थानीय संस्कृतिलाई जगेर्ना गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रदर्शन र प्रसारण गर्ने सञ्चार माध्यमलाई विशेष सहुलियत र सुविधा दिने व्यवस्था हुनुपर्ने ।

- जनताको सुसूचित हुने हकप्रति सम्मान गर्दै कुनै पनि कर्मचारी वा नागरिकले आफूले काम गरेको निकाय वा जनसरोकारको कुनै विषयको सूचना दिएमा त्यस्तो सूचना दाताको संरक्षणका निम्ति शंखघोषक कानून (Whistleblowers) बनाउनुपर्ने ।

- आम सञ्चार र प्रेसको क्षेत्रमा राज्यद्वारा गठन गरिने सञ्चारसम्बन्धी निकायहरूमा पिछडिएका वर्ग, जाति, जनजाति, दलित, आदिवासी, मधेशी, अपाङ्गहरूको न्यायोचित रूपमा प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

- नेपाली प्रेस र सञ्चार जगत्को विकासका निम्ति नेपाली प्रेस र सञ्चार जगत्को उत्पादन र प्रकाशनलाई गुणस्तरीय बनाई विदेशी बजारमा प्रवर्द्धन हुन सक्ने वातावरण तयार गर्ने ।

# भाग ३

# छापा माध्यमको स्थिति र सुधार

नेपालमा आम सञ्चारको क्षेत्रमा छापा माध्यमको महत्वपूर्ण स्थान रहेको छ । छापा माध्यमबाट शुरु भएको नेपाली पत्रकारिताको इतिहासले सय वर्ष पार गरिसकेको छ । हाते प्रेसबाट प्रारम्भ भएको नेपाली छापाको यात्रा अत्याधुनिक अफ्सेट प्रेसको युगमा प्रवेश गरिसकेको छ । प्रेसलाई उद्योग र व्यवसायको रूपमा विकास गर्न लगानीकर्ताहरू प्रोत्साहित भैरहेका छन् । यो मुलुककै निम्ति सुखद पक्ष हो । प्रेस र पत्रकारितालाई आफ्नो पेशाको रूपमा अंगाल्नेहरुको संख्या पनि दिनहुँ बढ्दो छ । नयाँ-नयाँ प्रविधिको विकासले छापा माध्यमहरू आकर्षक बन्दै गएका छन् । आम नागरिकलाई सूचना र सेवा प्रदान गर्न छापा माध्यमहरू केन्द्रदेखि मोफसलसम्म उत्तिकै क्रियाशील छन् ।

**पत्रपत्रिकाको दर्ता स्थिति**
(२०६२ साल फागुन मसान्तसम्म)

| किसिम | संख्या |
|---|---|
| दैनिक | ३१३ |
| अर्ध-साप्ताहिक | १० |
| साप्ताहिक | १५०६ |
| पाक्षिक | ३०० |
| मासिक | १३१३ |
| द्वैमासिक | २६७ |
| त्रैमासिक | ४१९ |
| चौमासिक | २२ |
| अर्ध-वार्षिक | ६० |
| वार्षिक | ७६ |
| ***जम्मा*** | ***४२८६*** |

(स्रोतः सूचना विभाग)

## भाषागत आधारमा पत्रपत्रिकाको संख्या

(२०६२ फागुन मसान्तसम्म)

| भाषा | संख्या |
|---|---|
| नेपाली | २९५६ |
| अंग्रेजी | ३५५ |
| नेपाली/ अंग्रेजी | ७३२ |
| नेवारी | २५ |
| हिन्दी | १३ |
| मैथिली | १३ |
| थारू | ५ |
| संस्कृत | २ |
| भोजपुरी | २ |
| उर्दू | २ |
| अन्य | १८१ |
| ***जम्मा*** | ***४२८६*** |

(स्रोतः सूचना विभाग )

यसरी दर्ता संख्या उल्लेख्य भए पनि नियमित प्रकाशित हुने पत्रपत्रिकाको संख्या भने न्यून रहेको देखिन्छ ।

## पत्रपत्रिका नियमितताको स्थिति

| क्र.स. | पत्रिकाको किसिम | साल | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 059.060 | | 060.061 | | 061.062 | | 062.063 | |
| | | lgoldt | clgoldt | lgoldt | clgoldt | lgoldt | clgoldt | lgoldt | clgoldt |
| १ | दैनिक | 42 | 35 | 49 | 40 | 54 | 27 | 50 | 42 |
| २ | अर्ध-साप्ताहिक | 2 | 2 | 2 | 2 | 1 | 3 | 2 | 4 |
| ३ | साप्ताहिक | 181 | 153 | 200 | 181 | 248 | 174 | 217 | 229 |
| ४ | पाक्षिक | 12 | 27 | 14 | 26 | 19 | 31 | 5 | 33 |
| **जम्मा** | | **237** | **217** | **265** | **249** | **322** | **235** | **274** | **308** |

स्रोतः प्रेस काउन्सिल, नेपाल, २०६३ साउन

एक्काइसौं शताब्दीमा बढी जनताका बीच शीघ्र र द्रुत सूचनाको प्रवाह गर्ने माध्यमको रूपमा रेडियो, टेलिभिजन, इन्टरनेट, अनलाइन, डिजिटल जस्ता माध्यमहरूले प्रभाव बढाएको भए पनि छापा पत्रकारिता अझ पनि लोकप्रिय, भरपर्दो र सूचनाको सजिलो एवम् आधारभूत स्रोतको रूपमा रहिआएको छ । यस सन्दर्भमा छापा माध्यमलाई अझ बढी विश्वासिलो र सुदृढ बनाउन देहायको क्षेत्रमा सुधार आवश्यक छ :-

- छापाखाना र पत्रपत्रिकालाई एउटै कानूनद्वारा व्यवस्थित गरिएको वर्तमान छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐनलाई समयसापेक्ष बनाउन विषयवस्तुको प्रकृतिअनुसार छुट्टाछुट्टै कानून तर्जुमा हुनु जरुरी छ । जस अनुरूप पत्रकारितासँग सम्बन्धित विषयहरू- खासगरी पत्रकारिताका व्यावसायिक सिद्धान्त, आचार-व्यवहार, दण्ड-सजाय, श्रमजीवी पत्रकारहरुको हक-हित र सेवा-सर्तजस्ता विषयलाई व्यवस्थित र नियमित गर्न पत्रकारितासम्बन्धी छुट्टै कानून बनाउनुपर्दछ । प्रकाशन/प्रसारण माध्यमको संस्थागत स्वरुप, कार्य-दायरा र दायित्वसमेत स्पष्ट किटान गरी माध्यमसम्बन्धी अलग कानून बनाइनुपर्दछ । छापाखानालाई अन्य उद्योगसरह दर्ता गरी सञ्चालन गर्ने व्यवस्था हुनुपर्ने ।

- प्रेसको स्वतन्त्रतामा बाधा पुऱ्याउन सक्ने छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८; हुलाक ऐन, २०१९; जासुसी ऐन, २०१८; तथ्याङ्क ऐन, २०१५; निर्वाचन ऐन, २०४७; निजामती सेवा ऐन, २०४९ र अन्य कतिपय ऐन-कानूनका प्रावधानहरु समयसापेक्ष ढंगबाट सुधार हुनुपर्ने ।

- छापा माध्यमको विकासका निम्ति राज्यले विशेष सहुलियत र सुविधा दिनुपर्छ । साथै प्रेस सामग्रीलाई प्राथमिक वस्तुभित्र वर्गीकृत गरी राज्य र निजी क्षेत्रका वाहकले समेत पत्रपत्रिकालाई  प्राथमिकता दिई ढुवानी गर्नुपर्ने ।

- द्वन्द्वपीडित पत्रकार र तीनका परिवारलाई विशेष क्षतिपूर्ति सुविधा दिइनुपर्ने ।

- फोटो पत्रकार र व्यंग्यचित्र पत्रकारलाई प्रेस पास दिने व्यवस्था गरिनुपर्ने ।

- पत्रपत्रिकाको दर्ता प्रक्रियालाई सरलीकरण गरिनुपर्दछ । जिल्ला प्रशासन कार्यालयको सट्टा पत्रपत्रिकाको दर्ता जिल्ला विकास समितिहरुमा हुने व्यवस्था गरिनुपर्दछ । पत्रपत्रिकाको नाममा दोहोरोपन हुन नदिनेलगायतका कुराको व्यवस्थापन गर्न सूचना विभागले साबिकमा झैं केन्द्रीय अभिलेखको व्यवस्था गर्नुपर्नेछ । पत्रिका दर्ता गर्न चाहने पक्षले सम्बन्धित जिल्ला विकास समितिमा निवेदन दिएपछि जिल्ला विकास समितिले त्यस्तो निवेदन सूचना विभाग वा विभागको वेबसाइटमा अध्यावधिक गरी पत्रपत्रिकाको नाम नजुध्ने यकीन गरी तीन दिनभित्र दर्ता गर्ने व्यवस्था गर्नुपर्दछ । प्रत्येक जिल्ला विकास समितिले पत्रपत्रिका दर्ता हुनेबित्तिकै सोको अभिलेख सूचना विभागमा पठाउने व्यवस्था हुनुपर्ने ।

- छापा माध्यमको संस्थागत विकास गर्न पत्रपत्रिका व्यवसायलाई सेवा उद्योगको रूपमा राज्यले मान्यता दिनुपर्ने र त्यसअनुरुप विकास गर्न आवश्यक सहयोग र अनुकूल वातावरण तयार गर्नुपर्ने ।

- समावेशीकरणको सिद्धान्तलाई पत्रकारिताको क्षेत्रमा सार्थक तुल्याउन महिला, आदिवासी, जनजाति, दलित, मधेशी र पिछडिएका वर्गहरूलाई प्रोत्साहन गर्नु सबैको दायित्व ठानिनुपर्छ । यस्ता पत्रकारहरुको सीप विकासका निम्ति तालिम र प्रशिक्षणको व्यवस्था गरिनुपर्छ । यस निम्ति सम्बद्ध सञ्चार माध्यमका अतिरिक्त राज्यले समेत लगानी गर्नु जरुरी छ । सञ्चार माध्यमहरूले पत्रकारहरुको सेवाकालीन तालिम (अन द जब ट्रेनिङ) लाई विशेष महत्व र सहुलियत दिनुपर्छ । राष्ट्रिय सञ्चार नीतिमा लैंगिक समानताको विषयलाई समावेश गरिनुपर्ने ।

- निजी क्षेत्रमा छापा माध्यमको पर्याप्त विकास र प्रतिस्पर्धा भइसकेको आजको नेपालमा सरकार आफैंले सञ्चार माध्यम सञ्चालन गर्नु उचित देखिँदैन । तसर्थ सरकारी स्वामित्व र नियन्त्रणमा रहेको गोरखापत्र संस्थानका सबै प्रकाशनलाई सरकारी स्वामित्वबाट अलग गर्नु अत्यन्त जरुरी छ । यस प्रयोजनका निम्ति ''गोरखापत्र'' लगायतका "ब्राण्ड" हरु र संस्थानको सम्पत्ति अलग-अलग छुट्याई लिलाम बढाबढ गर्नु ती छापा माध्यमबाट सरकारी स्वामित्वको अन्त्य गर्ने एउटा उपाय हुन सक्छ । छापा माध्यमको पुरानो इतिहास बोकेको ''गोरखापत्र'' प्रतिको जनताको भावनात्मक पक्ष र अस्तित्व कायमै राख्ने गरी निश्चित सर्त तोकी यसको ब्राण्ड विक्रीवितरण गरिनुपर्दछ । यसरी विक्रीवितरण भइसकेपछि त्यस्तो खरिदकर्ताले तोकिएको सर्त पूरा नगरेको देखिएमा सरकारले पुनः अर्को पक्षलाई सर्त तोकेर दिन सक्ने व्यवस्था गर्ने ।

# भाग ४

# रेडियो माध्यम र सुधार

रेडियो ग्रामीण जनतासमक्ष सूचना सम्प्रेषण गर्ने सशक्त माध्यम हो । नेपालमा रेडियो प्रसारणको आफ्नै इतिहास छ । राणा शासनको अन्त्यतिर नेपालमा रेडियो सेट झिकाइएपछि २००४ सालदेखि नेपाली जनतालाई रेडियो राख्न पाउने स्वतन्त्रता प्राप्त भयो । २००७ सालमा विराटनगरमा एउटा सानो “टेलवार” ट्रान्समिटरको सहायताबाट “नेपाल प्रजातन्त्र रेडियो” नामले रेडियो सञ्चालन भयो । जुन ट्रान्समिटर २००७ साल चैत्र २० गते काठमाडौं सिंहदरबारमा ल्याई प्रसारण प्रारम्भ गरियो । यही “नेपाल प्रजातन्त्र रेडियो” **नेपाल रेडियो** र त्यसपछि “रेडियो नेपाल”को नामले सञ्चालन हुन पुग्यो । रेडियो नेपाल छुट्टै कानूनअन्तर्गत सञ्चालित हुँदै आएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूत गरेको प्रेस र सञ्चार माध्यमको स्वतन्त्रताको कारण सूचना र सञ्चार क्षेत्रमा आएको व्यापक परिवर्तनले रेडियोको क्षेत्रमा विभिन्न एफएम प्रसारणहरू सञ्चालन हुन पुगेको देखिन्छ । रेडियो नेपालले २०५४ सालदेखि श्रोताबीच सूचनाको पहुँच बढाउने हेतुले इन्टरनेटमा प्रवेश गरिसकेको छ भने एफएम रेडियोहरूको विकास र विस्तार त्यत्तिकै बढेको छ । रेडियोका क्षेत्रमा यसअघि नै ५६ वटा एफएम प्रसारणहरूले इजाजत पाएकोमा ५१ वटा स्टेसनहरू सञ्चालनमा छन् । पछिल्लो चरणमा अहिले एफएमलाई इजाजत दिने कार्य जारी रहेको छ ।

हाम्रोजस्तो भौगोलिक विकटता र छापा माध्यम एवम् टेलिभिजन प्रसारण पुग्न नसकेका क्षेत्रहरूमा रेडियो माध्यम नै एक मात्र साधन बनेको छ । बहुसंख्यक जनताले रेडियो माध्यमबाटै प्रसारित हुने सूचनाहरू उपभोग गरिरहेको अहिलेको अवस्था छ । रेडियो नेपालको आफ्नै इतिहास भए पनि नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि सूचना र सञ्चारको क्षेत्रमा आएको परिवर्तनले रेडियो एफएमहरूले सूचनाको क्षेत्रमा एउटा सामाजिक क्रान्ति नै ल्याएका छन् । यति हुँदाहुँदै पनि रेडियो माध्यमका क्षेत्रमा विभिन्न समस्या रहिरहेका छन् । रेडियो माध्यमलाई सञ्चालन गर्न विद्यमान रेडियो ऐन र राष्ट्रिय प्रसारण ऐन पर्याप्त छैनन् । एफएम रेडियो सञ्चालक संस्था दर्तासम्बन्धमा समेत एकरुपता छैन । एफएम रेडियोको वर्गीकरणमा समस्या रहेकै छ । इजाजत लिने प्रक्रिया सरल र पारदर्शी छैन । एफएम रेडियोको सञ्चालनमा राज्यले प्रोत्साहन गर्न सकेको देखिन्न । रेडियोको उपकरण उत्पादनमा रोक लगाइएको अवस्था छ । फ्रिक्वेन्सी व्यवस्थापन तथा नेटवर्किङ सम्बन्धमा समस्या त्यतिकै छन् । इजाजतपत्रको स्थानान्तरण सम्बन्धमा, विज्ञापनका विषयमा र जनशक्ति व्यवस्थापनका सम्बन्धमा त्यतिकै समस्या रहिरहेका छन् । यिनीहरूको समयमै सुधार हुन सकेमा रेडियो माध्यमको संस्थागत विकास र सुदृढीकरण हुन सक्दछ । रेडियो माध्यमको संस्थागत विकासका निम्ति मूलतः देहायका क्षेत्रमा देहायको सुधार हुनु आवश्यक छ ।

- **ऐन कानूनमा सुधारका सम्बन्धमा** सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाध रूपले प्रसारण गर्नेसमेतको उद्देश्यले राष्ट्रिय प्रसारण ऐन, २०४९ जारी गरिएको भए पनि राज्यको भूमिका नियमन र सहजकर्ताको रुपमा मात्र नभई राज्यले जुनसुकै अवस्थामा पनि प्रसारण माध्यमलाई रोक लगाउन सक्ने हस्तक्षेपकारी भूमिका रहेकाले प्रसारण माध्यमहरूको स्वतन्त्रतामा राज्यको अनुचित

हस्तक्षेप भइरहने तथ्यलाई मनन गरी परिवर्तित सन्दर्भमा प्रसारण माध्यमको स्वतन्त्रतालाई संरक्षण गर्न विशेष कानूनी व्यवस्था हुनुपर्ने । यसैगरी नेपालमा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने कामलाई नियन्त्रित र नियमित गर्ने उद्देश्यले जारी भएको रेडियो ऐन, २०१४ समयसापेक्ष नभएकाले परिवर्तित मान्यताअनुरुप जनताको सुसूचितको अधिकार र राज्यको नियामक र सहजकर्ताको भूमिकाअनुरुप बनाउन आवश्यक संशोधन गरिनुपर्ने ।

- **वर्गीकरणका सम्बन्धमा** प्रसारण इजाजतलाई सेवाका आधारमा सामुदायिक, सार्वजनिक, व्यापारिक र शैक्षिक प्रसारण सेवाका रुपमा र क्षेत्रका आधारमा राष्ट्रिय, क्षेत्रीय, स्थानीय भनी वर्गीकरण गरिनुपर्ने । संस्थागत स्वरुपका हिसाबले विशेष ऐनद्वारा गठित स्वशासित संस्था सार्वजनिक प्रशारण संस्था मानिने र कम्पनी ऐन/साझेदारी ऐन जस्ता कानूनअन्तर्गत नाफा कमाउने उद्देश्यले स्थापित संस्थाहरूले सञ्चालन गरेका रेडियोहरूलाई व्यापारिक रेडियो मान्ने र गैरनाफामुखी संस्थाहरू जस्तै गैरसरकारी संस्था/सहकारी/ट्रष्ट जस्ता संस्थाले सञ्चालन गरेका रेडियोहरू सामुदायिक रेडियोको वर्गीकरणभित्र पर्ने व्यवस्था गर्ने । यसरी वर्गीकण गर्दा सार्वजनिक सेवा प्रसारण र व्यापारिक प्रसारण गरी छुट्याई सार्वजनिक सेवा प्रसारणको माध्यमलाई विशेष सहुलियत र सुविधा दिने व्यवस्था हुनुपर्ने । यसैगरी स्थानीय तहमा भाषा संस्कृतिलाई प्रवर्द्धन गर्ने सामुदायिक रेडियोलाई विशेष सहुलियत र सुविधा दिने व्यवस्था हुनुपर्ने । स्थानीय निकाय तथा विश्वविद्यालयहरूले ३० वाटसम्मका प्रसारण क्षमतामा रेडियो प्रसारण शुरु गर्दा रजिष्ट्रेसन मात्रको व्यवस्था गरी इजाजत लिनु नपर्ने व्यवस्था गर्ने ।

- **फ्रिक्वेन्सी इजाजत सम्बन्धमा** फ्रिक्वेन्सी सार्वजनिक सम्पत्ति हो भन्ने मान्यतालाई स्वीकार गरी राष्ट्रियस्तरको व्यापारिक प्रसारण सेवालाई आवधिक इजाजत दिने र त्यसपछि पुनः बढाबढको व्यवस्था गर्नुपर्ने ।

- **इजाजत सम्बन्धमा** एफएम रेडियोको इजाजतको प्रक्रिया सरल र पारदर्शी हुनुपर्ने जसअनुरूप सार्वजनिक प्रसारणका लागि २ वटा र व्यापारिक प्रसारणका लागि बढीमा ३ वटा फ्रिक्वेन्सी राष्ट्रियस्तरको प्रसारका रुपमा सुरक्षित गर्नुपर्ने । सार्वजनिक प्रसारण तथा क्षेत्र विशेषका प्रसारणहरूको इजाजत दिने आधारहरूमा- राष्ट्रिय विकासमा पुऱ्याउने योगदान, प्रसारण सेवाको स्तर, स्थानीय संस्कृति र सामग्रीको प्रवर्द्धन, विशेषज्ञ छनोट र जनशक्तिको स्थिति, दुर्गम क्षेत्रमा सेवा विस्तार आदि कुरामा ध्यान दिनुपर्ने र राष्ट्रिय स्तरका व्यापारिक प्रसारणको इजाजत दिने आधारहरूमा- राजस्व बढाउने क्षमता, प्रसारण सेवाको स्तर, राष्ट्रिय संस्कृति र सामग्रीको प्रवर्द्धन, विशेषज्ञ छनोट र जनशक्तिको स्थितिजस्ता कुरामा ध्यान दिनुपर्ने गरी तोक्नुपर्ने ।

- **सुविधाका सम्बन्धमा** जनतालाई सुसूचित गर्ने उद्देश्यले सार्वजनिक सेवा प्रसारणको रूपमा रेडियो माध्यम चलाएबापत कम्पनी ऐनअन्तर्गतका करबाहेक अन्य करहरू (नवीकरण शुल्क, रोयल्टी आदि) लगाउन नहुने, प्रसारण तथा स्टुडियो उपकरणहरू खरिद गर्दा भन्सार शुल्क मिनाहा दिनुपर्ने, सार्वजनिक तथा सामुदायिक रेडियोहरूलाई अनुदानको व्यवस्थासमेत गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई सर्वसाधारणमा निश्चित शेयर बेच्ने व्यापारिक रेडियोहरूलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था हुनुपर्ने । यसैगरी व्यापारिक प्रयोजनका लागि राष्ट्रियस्तरमा रेडियो माध्यम चलाएबापत रोयल्टीको व्यवस्था गरे पनि अन्य सुविधा दिनुपर्ने । तर कुनै रेडियोहरू मनोरञ्जनका सामग्री मात्र प्रसारण गर्ने भए रोयल्टीको व्यवस्था गर्ने ।

- **रेडियो उपकरण निर्माण सम्बन्धमा** रेडियो ऐन, २०१४ ले ट्रान्समिटरलगायतका रेडियो उपकरण निर्माण गर्न रोक लगाएको व्यवस्था वर्तमान सन्दर्भमा उचित नहुँदा सुरक्षा उद्योगको रूपमा सुरक्षाको उचित प्रबन्धसहित देशभित्र नै सबै खाले रेडियो उपकरणहरू निर्माण तथा विक्रीवितरणको व्यवस्था खुला गरिनुपर्ने ।

- **फ्रिक्वेन्सी व्यवस्थापन तथा नेटवर्किङ सम्बन्धमा** राष्ट्रियस्तरको प्रसारणका लागि २० प्रतिशतभन्दा बढी फ्रिक्वेन्सी छुट्याउन नपाइने र सामुदायिक रेडियोका लागि हरेक क्षेत्रमा २५ प्रतिशत फ्रिक्वेन्सीको कोटा छुट्याइनुपर्ने, प्रसारण एकाधिकारलाई नियन्त्रण गर्न एउटै शहरमा एउटा संस्था वा कम्पनीलाई एउटाभन्दा बढी फ्रिक्वेन्सी उपलब्ध नगराउने, विदेशी प्रसारण संस्थाका कार्यक्रम कुल प्रसारण समयको १५ प्रतिशतभन्दा बढी प्रसारण गर्न नपाइने व्यवस्था गर्ने, यसैगरी एउटा प्रसारण संस्थाले उत्पादन गरेको सामग्री अन्य प्रसारण संस्थाले प्रसारण गर्दा पुनः प्रसारण गर्ने रेडियो स्टेसनले कुनै एक स्टेसनबाट पाँच प्रतिशतमा नबढ्ने गरी आफ्नो कुल प्रसारण समयको ३० प्रतिशत समय मात्र पुनः प्रसारण गर्न पाउने व्यवस्था गर्ने ।

- **स्याटलाइट तथा डिजिटल रेडियो प्रसारणका सम्बन्धमा** प्रविधिको विकास र विस्तारलाई रोक्नु उचित नहुँने हुँदा स्याटलाइट तथा डिजिटल रेडियो प्रसारणलाई मान्यता दिई स्याटलाइट ब्यान्ड भएका रेडियोको विक्रीवितरण तथा प्रयोगलाई बिनाइजाजत खुला गरिनुपर्ने ।

- **इजाजतपत्रको हस्तान्तरण तथा स्थानान्तरणका सम्बन्धमा** कुनै एउटा संस्थाले लिएको इजाजतपत्र सम्बन्धित निकायमा गई बढीमा दुई पटकसम्म हस्तान्तरण हुने व्यवस्था गर्ने । कुनै एक ठाउँका लागि लिएको इजाजत आवश्यकता, प्रतिस्पर्धा तथा स्थायित्वको दृष्टिले अर्को जिल्ला वा क्षेत्रमा स्थानान्तरण गर्न चाहेमा सो गर्न सक्ने व्यवस्था हुनुपर्ने ।

# भाग ५

# टेलिभिजन, चलचित्र र केबुल माध्यम र सुधार

## टेलिभिजनका क्षेत्रमा गरिनुपर्ने सुधार

आम सञ्चारको क्षेत्रमा व्यापक र सशक्त माध्यमको रूपमा टेलिभिजन रहेको छ । नेपालमा २०४१ सालदेखि नेपाल टेलिभिजनले आफ्नो कार्य प्रारम्भ गरेकोमा टेलिभिजनका प्रसारणहरू विस्तार गर्ने क्रममा रिले स्टेसनहरू थप गरी नेपाल टेलिभिजनको प्रसारण एसियाका २० वटा राष्ट्रहरूमा भू-उपग्रहमार्फत टेलिभिजनका संकेत तरङ्गहरूबाट विस्तार भइसकेको छ । सञ्चारको क्षेत्रमा भएको प्रविधिको विकास र विस्तारले टेलिभिजन च्यानलहरू स्थापना र प्रसारण गर्न निजीक्षेत्र पनि त्यतिकै उत्साहित भएको छ । जसको परिणाम सरकारको स्वामित्व र नियन्त्रणमा रहेको नेपाल टेलिभिजनको अतिरिक्त निजी क्षेत्रको प्रयासमा समेत देहायका टेलिभिजन च्यानलहरू सञ्चालनमा छन् ।

| सि.नं. | च्यानलहरू | प्रसारण पद्धति |
|---|---|---|
| १. | नेपाल टेलिभिजन | टेरेस्टेरियल/स्याटलाइट |
| २. | च्यानल नेपाल | स्याटलाइट |
| ३. | कान्तिपुर टेलिभिजन | टेरेस्टेरियल/स्याटलाइट |
| ४. | इमेज मेट्रो | टेरेस्टेरियल /स्याटलाइट |
| ५. | नेटेभी मेट्रो | टेरेस्टेरियल |

टेलिभिजन प्रसारणको क्षेत्रमा हालसम्म ३ सय ३३ वटा केबुल टेलिभिजन नेटवर्क संस्थाहरूले इजाजत प्राप्त गरिसकेका छन् । नेपाल टेलिभिजनको स्याटलाइट प्रसारणले नेपाल अधिराज्यका पूरै भागलगायत अन्य मुलुकहरूमा समेत आफ्नो प्रसारण पुऱ्याइरहेको छ । यसको टेरेस्टेरियल नेटवर्कले समेत मुलुकको ६२ प्रतिशत भू-भागमा आफ्नो पहुँच पुऱ्याएको भन्ने देखिन्छ । यसरी जनतालाई सुसूचित गर्ने, मनोरञ्जन प्रदान गर्नेलगायत विभिन्न शिक्षामूलक, ज्ञानवर्द्धक कार्यक्रमहरू सञ्चालन गर्न टेलिभिजन माध्यमहरू उत्साही भएको भए पनि टेलिभिजन माध्यमको संस्थागत विकास र सुदृढीकरणका निम्ति अझ पनि अनेकौं समस्या रही रहेकै छन् । यसका निम्ति देहायका विषयमा देहायबमोजिम सुधार हुन आवश्यक छ ।

- **वर्गीकरण सम्बन्धमा** टेलिभिजन माध्यमलाई जनताप्रति चेतनामूलक र शिक्षामूलक सूचना सम्प्रेषण गर्ने उद्देश्यले सञ्चालित सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting ) र मुनाफाको उद्देश्यले सञ्चालन गरिएको व्यापारिक प्रसारण (Commercial Broadcasting) भनी वर्गीकरण गरी सार्वजनिक सेवाको उद्देश्यले सञ्चालन भएको टेलिभिजनलाई राज्यले विशेष सहुलियत र सुविधा दिनुपर्ने । यसैगरी स्थानीय संस्कृतिको संवर्द्धन र स्थानीय भाषाभाषीमा प्रसारण गर्ने टेलिभिजनहरूलाई विशेष सहुलियतको व्यवस्था गर्ने ।

- **इजाजतको अवधि सम्बन्धमा** फ्रिक्वेन्सी सार्वजनिक सम्पत्ति हो भन्ने मान्यतालाई स्वीकार गरी फ्रिक्वेन्सी अभाव भएको अवस्थामा राष्ट्रिय स्तरको व्यापारिक प्रसारण सेवालाई आवधिक इजाजत दिने र त्यसपछि पुनः बढाबढ गर्ने व्यवस्था हुनुपर्ने । फ्रिक्वेन्सी अभाव नभएको अवस्थामा आवधिक गरी नविकरणको व्यवस्था गर्ने ।

- **इजाजत प्रक्रिया सम्बन्धमा** टेलिभिजन माध्यमलाई इजाजत दिँदा राष्ट्रिय विकासमा पुऱ्याउने योगदान, प्रसारण सेवाको स्तर, स्थानीय संस्कृति र सामग्रीको प्रवर्द्धन, विशेषज्ञ छनोट तथा जनशक्तिको स्थिति, दुर्गम क्षेत्रमा सेवा विस्तार जस्ता कुरालाई आधार मानी सार्वजनिक प्रसारण तथा क्षेत्रीयस्तरका टेरेस्टेरियल प्रसारणहरूको इजाजतमा खुला र पारदर्शी हुनुपर्ने, एकाधिकार दिन नहुने र राष्ट्रियस्तरको टेरेस्टेरियल व्यापारिक प्रसारण तथा स्याटलाइट प्रसारणको इजाजत प्रक्रिया सम्बन्धमा राजस्व बढाउने, प्रसारण सेवाको स्तर, राष्ट्रिय संस्कृति र सामग्रीको प्रवर्द्धन, विशेषज्ञ छनोट र जनशक्तिको स्थिति जस्ता कुरालाई आधार मानी इजाजत दिने व्यवस्था हुनुपर्ने ।

- **सुविधा सम्बन्धमा** सार्वजनिक सेवा प्रसारणका सञ्चार माध्यम चलाएबापत कुनै प्रकारको कर लगाउँदा जनताको सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने हुँदा कम्पनी ऐनअन्तर्गतका करबाहेक अन्य करहरू (नवीकरण शुल्क, रोयल्टी आदि) लगाउन नहुने, प्रसारण तथा स्टुडियो उपकरणहरु खरिद गर्दा भन्सार शुल्क मिनाहा हुनुपर्ने, सार्वजनिक सेवा प्रसारणका टेलिभिजनहरुलाई अनुदानको व्यवस्था हुनु पर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई सर्वसाधारणमा निश्चित शेयर बेच्ने व्यापारिक टेलिभिजनहरुलाई ५ वर्षसम्म आयकर मिनाहा दिनुपर्ने ।

- **उपकरण उत्पादन सम्बन्धमा** २१औं शताब्दीमा प्रविधिको निर्माण तथा प्रयोगलाई प्रतिबन्धित गर्नु उचित नहुने हुँदा यो व्यवस्था खारेज गरी देशभित्रै उचित प्रबन्धकासाथ सबै खाले प्रसारण तथा स्याटलाइट उपकरणहरु निर्माण तथा विक्रीवितरणको व्यवस्था खुला गरिनुपर्ने ।

- **विदेशी टेलिभिजन प्रसारण संस्थाको सम्बन्धमा** इजाजत, राजस्व दस्तुरको प्रक्रिया एकद्वार प्रणालीबाट सरल ढंगले हुने व्यवस्था मिलाउनुपर्ने, विदेशी टेलिभिजन संस्थाले समाचार पठाउने प्रयोजनका लागि मात्र निश्चित प्रतिनिधि मात्र राख्ने व्यवस्था मिलाउने, नेपाली उद्योग तथा व्यापारीहरुले विदेशी टेलिभिजनलाई दिएको विज्ञापन खर्चमा उद्योगलाई कर कट्टीको छुट नदिने व्यवस्था गर्नुपर्ने तथा विज्ञापन लिने विदेशी टेलिभिजनबाट नेपालमा बसेर कारोबार गर्दा कर लिने व्यवस्था हुनुपर्ने ।

- **इजाजतपत्रको स्थानान्तरण सम्बन्धमा** कुनै एक ठाउँको लागि लिइएको इजाजत आवश्यकता, प्रतिस्पर्धा तथा स्थायित्वका हिसाबले उपयुक्त अर्को जिल्ला वा क्षेत्रमा सार्न चाहेमा सजिलैसँग स्थानान्तरण गर्न सकिने व्यवस्था हुनुपर्ने ।

## चलचित्र क्षेत्रमा गरिनुपर्ने सुधार

आज विश्वमा चलचित्र उद्योगले जनतासमक्ष मनोरञ्जन प्रदान गर्न, शिक्षा र चेतनाको विस्तार गर्न उलेख्य भूमिका निर्वाह गर्न सफल भएको छ । नेपालको सम्बन्धमा २००६ सालदेखि नै चलचित्रले आफ्नो यात्रा प्रारम्भ गरेको भए पनि संस्थागत विकास र सुदृढीकरणमा अनेकौं समस्या भोल्नुपरिरहेकै छ । चलचित्र उद्योगको हालसम्मको स्थिति अवलोकन गर्दा

सेलुलाइड हल संख्या-२ सय ६४, हाइभिजन हल संख्या-४७, वितरक संख्या-८९, निर्माता संख्या-२ सय २, सेलुलाइड फिल्म इजाजत लिएको संख्या-५ सय ३३, भिडियो फिल्म इजाजत लिएको संख्या-१ सय ६१ रहेको अवस्था छ ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ चलचित्र व्यवसायको विकासको निमित्त परिवर्तित सन्दर्भमा समय सापेक्ष छैन । यस्मा चलचित्र व्यवसायलाई प्रोत्साहन गर्न सोहीअनुसार देहायका व्यवस्था गर्नु आवश्यक छ ।

- **उत्पादन वा निर्माण स्वतन्त्रता सम्बन्धमा** संगठित संस्था वा व्यक्तिले नेपाली चलचित्र निर्माण गर्न चाहेमा चलचित्र निर्माणको पूर्व इजाजत लिनुपर्ने सबै खाले व्यवस्था हटाइनुपर्ने, सेन्सरसिपको व्यवस्था खारेज गरी ग्रेडिङको व्यवस्था गर्ने । भिडियो वा डिजिटल प्रविधि र सेलुलाइड प्रविधिबाट उत्पादन हुने चलचित्रमा फर्म्याटको मात्र फरक भएकाले संरचनागत विभेद हटाउनुपर्ने

- **प्रदर्शनको स्वतन्त्रता सम्बन्धमा** प्रदर्शन र वितरणका लागि चलचित्र विकास बोर्ड र चलचित्रकर्मीका संगठनहरूबाट लिनुपर्ने स्वीकृति र सिफारिसको व्यवस्था खारेज गरी प्रतिस्पर्धात्मक बनाउने व्यवस्था गर्ने, नेपाली चलचित्रमाथि प्रदर्शनपूर्व गरिँदै आएको भिजुअल सेन्सरसिपलाई खारेज गरी चलचित्रलाई ग्रेडिङ गर्ने व्यवस्था गर्नुपर्ने, यसरी ग्रेडिङ गर्दा चलचित्रको प्रकृतिअनुरुप पारिवारिक चलचित्र, अभिभावकको निगरानीमा मात्र देखाइने चलचित्र, वयस्कका लागि तयार गरिएको चलचित्र र सार्वजनिक प्रदर्शनमा पूरै रोक वा निश्चित समयमा मात्र देखाउन सक्ने वा निश्चित चलचित्र हलमा निश्चित उमेर समूहले मात्र हेर्न सक्ने गरी चलचित्रको वर्गीकरण गर्ने ।

- **नेपाली चलचित्रलाई परिभाषित गर्ने सम्बन्धमा** चलचित्र उत्पादन/निर्माणका साधनहरू (लगानी, निर्देशक, निर्माता, मुख्य कलाकार, मुख्य प्राविधिक, पटकथाकार) र विषय वस्तुका अनुपात तोकी अंक भारका आधारमा नेपाली वा विदेशी चलचित्र भनी परिभाषित गरिनुपर्ने ।

- **विदेशी चलचित्रको छायाकंन सम्बन्धमा** नेपालभित्र छायांकन गर्न विदेशी चलचित्र कम्पनीलाई प्रोत्साहित गर्ने । यसरी छायांकनको निम्ति स्वीकृति दिँदा नेपालमा भएको प्रविधि र मानव संसाधनको समेत प्रयोग गरेमा विशेष सहुलियत र सुविधा दिने व्यवस्था हुनुपर्ने । यसैगरी विदेशीले स्वीकृति वा इजाजत लिँदा एकै ठाउँबाट सबै किसिमको व्यवस्था हुने एकद्वार प्रणालीलाई अवलम्बन गरिनुपर्ने ।

- **भाषाभाषिका चलचित्र सम्वन्धमा** नेपालका विभिन्न भाषाभाषीका चलचित्र निर्माणलाई प्रोत्साहित गर्ने व्यवस्था नभएको हुदाँ विभिन्न भाषाभाषीका चलचित्र निर्माण गर्न राज्यले अनुदान, सहयोग र सुविधा दिई प्रोत्साहित गर्न पर्ने ।

- **चलचित्र नियामक निकाय सम्वन्धमा** चलचित्र माध्यमलाई व्यवस्थित गर्न, ग्रेडिङ र नियमन गर्नका लागि सम्वन्धित क्षेत्रका विज्ञहरुको समेत प्रतिनिधित्व हुनेगरी अविछिन्न, स्वायत्त तथा अधिकार सम्पन्न स्वतन्त्र निकायको व्यवस्था हुनु पर्ने । यस्तो निकायमा प्रतिनिधित्व गराउँदा समावेशी मान्यतालाई आत्मसात गर्नु पर्ने ।

## केबुल टेलिभिजनका क्षेत्रमा गरिनुपर्ने सुधार

केबुल टेलिभिजनहरू वितरकको व्यक्तिगत प्रयासबाट मात्र सञ्चालित हुँदै आएका छन् । यसलाई व्यवस्थित र नियमित गर्ने स्पष्ट कानूनको अभाव खड्किएकै छ । केबुल टेलिभिजनलाई व्यवस्थित र नियमित गर्न देहायको व्यवस्था गर्नु उचित हुने देखिन्छ ।

- **कार्यक्षेत्र सम्बन्धमा** नेपालको सन्दर्भमा केबुल टेलिभिजनहरू जनताको सूचनाको हक तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रचलनमा ल्याउन सक्ने प्रचुर सम्भावना रहको माध्यम भएकाले केबुल टेलिभिजनले आफैं कार्यक्रम उत्पादन गरी प्रसारण गर्न चाहेमा उत्पादनको स्वीकृति समेत लिई प्रसारण गर्न पाउने व्यवस्था हुनुपर्ने । नेपालभित्रबाट राष्ट्र तथा राष्ट्रिय भाषामा प्रसारित राष्ट्रिय च्यानलहरूलाई केबुल टेलिभिजनको कूल क्षमताको कम्तीमा २५ प्रतिशत च्यानल छुट्याउनुपर्ने । सो च्यानल डाउन लिंक गर्न लाग्ने उपकरण खर्च भने टेलिभिजन च्यानलले केबुल टेलिभिजन संचालकलाई उपलब्ध गराउनुपर्ने, केबुल टेलिभिजनहरूले आफैं उत्पादन गरी प्रसारण गरेको च्यानलमा विज्ञापन गर्न पाउने व्यवस्था गर्ने ।

- **इजाजत प्रक्रिया सम्बन्धमा** २ सयभन्दा कम ग्राहक संख्या हुने ग्रामीण भेगका केबुल टीभी सञ्चालन गर्दा स्थानीय तहमा नै रजिष्ट्रेशन मात्र गरे पुग्ने, त्यसलाई इजाजत लिनु नपर्ने व्यवस्था गर्ने, शहरी क्षेत्रमा शहरी आकाशमा हुने तारको उर्जालाई समेत विचार गरी खुला तारबाट वितरण गर्ने केबुललाई खुला र पारदर्शी प्रक्रियावाट निश्चित कोटा तोकी इजाजत प्रदान गर्नुपर्ने, वाएरलेस प्रणाली (MMDS) तथा अन्य गतिविधिबाट हुने केबुल प्रसारणलाई समेत व्यवस्थित गर्न इजाजतको व्यवस्था हुनुपर्ने ।

- **डिटिएच सम्वन्धमा** प्रविधिलाई रोक लगाउन असम्भव हुने हुँदा डाइरेक्ट टु होम ( डिटिएच) लाई वैधानिकता दिन इजाजतको व्यवस्था गर्ने र नेपालमा वितरण हुने डिटिएच (DTH) सेवाको प्याकेजमा २५ प्रतिशत नेपाली च्यानलहरू राख्न अनिवार्य गर्नुपर्ने ।

- **उपभोक्ता मूल्य निर्धारण सम्बन्धमा** डाउन लिंक नीति जारी गरी लागत मूल्यका आधारमा १० प्रतिशतभन्दा बढी नाफा राख्न नपाउने गरी उपभोक्ता मूल्य निर्धारण गर्ने,

- **कन्डिसनल एक्सेस सिस्टम सम्वन्धमा** कन्डिसनल एक्सेस सिस्टम चरणबद्ध रूपमा लागू गर्ने व्यवस्था गर्ने ।

- **अन्य सेवा सञ्चालन सम्वन्धमा** केवल संचालकहरुले इमेल, फोन तथा भिडियो अनलाईन जस्ता सेवाहरु संचालन गर्न पाउने व्यवस्था गर्ने ।

- विदेशी च्यानलहरू केबुलबाट प्रसारण गर्दा ती च्यानलहरूबाट प्रसारण हुने विज्ञापनलाई अन्य देशको समेत कानून र प्रचलनको अध्ययन गरी नेपालभित्र बज्न दिने वा नदिने भन्ने सम्बन्धमा निर्णय गर्ने ।

# भाग ६

# सूचना प्रविधि/डिजिटल माध्यम र सुधार

डिजिटल माध्यम/प्रविधि छापा तथा इलेक्ट्रोनिक माध्यम र प्रविधिहरूका सबै विशेषतायुक्त, डेटा/सूचना उत्पादन, प्रशोधन, भण्डारण र सम्प्रेषण गर्ने सबैभन्दा छिटो, सजिलो र सस्तो माध्यम हो । नेपालमा अहिले डिजिटल माध्यमबाट आम सञ्चारका अन्य माध्यमहरू समेत सञ्चालन भइरहका छन् । दुर्गम जिल्लामा पनि यस माध्यमबाट पुस्तक, पत्रपत्रिका, चित्र, चलचित्र, टेलिफोन, रेडियो, टेलिभिजन आदि सूचना र ज्ञानका पाठ्य, ध्वनि र श्रव्यदृश्य सामग्री (डेटा) प्राप्त र प्रसार गर्न सकिने भएको छ । यो माध्यमको महत्व र उपयोग निरन्तर बढिरहेको छ । डिजिटल माध्यमको प्रयोगबिना आधुनिक जीवन पद्धति सहज रूपमा चल्न नसक्ने अवस्था आइसकेको छ ।

## नेपालमा डिजिटल माध्यमको उपयोग

१. कम्प्युटरहरूबीच सञ्चार : डेटा सम्प्रेषण, च्याट, सस्वर कुराकानी (VoIP)
२. वेबसाइटमा पाठ्य, श्रव्य र दृश्य सामग्री : पुस्तक, पत्रपत्रिका, चित्र, चलचित्र
३. इन्टरनेटबाट रेडियो, टेलिभिजन, सिनेमा
४. अनलाइन पत्रिका
५. इन्टरनेटबाट स्वदेश र विदेशमा अखबार र पत्रपत्रिकाको दूर उत्पादन/पुनः प्रकाशन

## डिजिटल माध्यम सञ्चालन गर्ने आधार

१. कम्प्युटर उपकरण र सञ्चालन प्रणाली (हार्डवेयर र सफ्टवेयर)

२. इन्टरनेट : सूचनाको महामार्ग :

क) दूरसञ्चारको सञ्जाल (नेटवर्क) स्थानीय दूरसञ्चार सेवा, माइक्रोवेभ लिंक, फाइबर अप्टिक लिंक, सञ्चार भू-उपग्रह (भीस्याट), अन्तर्राष्ट्रिय तथा राष्ट्रिय ब्यान्डविथ र उपयुक्त फ्रिक्वेन्सीका रेडियो उपकरण

ख) वर्ल्डवाइडवेब, इमेल, ब्लग, च्याट इ.

## नेपालमा डिजिटल माध्यम र यस सम्बन्धी सेवाको स्थिति

| | |
|---|---|
| नियामक निकाय : | नेपाल दूरसञ्चार प्राधिकरण |
| दूरसञ्चार सेवा प्रदायक : | ४ |
| इन्टरनेट सेवा प्रदायक : | ३२ |
| काठमाडौंबाहिर इन्टरनेट सेवा प्रदायक : | २ |
| भीस्याट सेवा प्रदायक : | ८ |
| इन्टरनेट प्रयोगकर्ता प्रत्यक्ष : | ५०,००० (अनुमानित) |
| अप्रत्यक्ष : | २५०,००० (अनुमानित) |

भीस्याट प्रविधिबाट इन्टरनेट सेवा : १० ठाउँमा
नेपाल टेलिकमले इन्टरनेट सेवा पुऱ्याएको : ५५ जिल्ला

## नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकको इजाजत, शुल्क र करसम्बन्धी विद्यमान व्यवस्था

नेपाल दूरसञ्चार प्राधिकरणले हाल नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकहरू (ISP) बाट इजाजत तथा नवीकरण शुल्कबापत विभिन्न प्रकारका चर्को शुल्क लिने गरिएको छ । उदाहरणका लागि भीस्याट नेटवर्कका लागि इजाजत शुल्क रु. २५,००,०००। नवीकरणका लागि रु. २२,५०,०००।, भीस्याट प्रयोगकर्ताका लागि रु. २,५०,०००। र २,२५,०००।, इन्टरनेट सेवाका लागि रु. ३,००,०००। र रु. २,७०,०००।, आदि । अनुमतिपत्र पाँच वर्षको लागि भए तापनि अनुमतिपत्रको म्याद सकिनुभन्दा ६ महिना अगावै नवीकरण दस्तुर रु. २२,५०,०००। भुक्तानी गर्नुपर्छ । म्यादभित्र नवीकरण गराउन नसकेमा प्राधिकरणबाट अनुमति लिई एक महिनाभित्र नवीकरण दस्तुरको २५ प्रतिशत, तीन महिनाभित्र ५० प्रतिशत र छ महिनाभित्र शतप्रतिशत थप दस्तुर लिई अनुमतिपत्र नवीकरण गरिदिन सक्ने व्यवस्था छ ।

त्यस्तै, नेटवर्क र इन्टरनेट सेवा प्रदायकहरुले आफ्नो कुल आम्दानीको चार प्रतिशत रोयल्टी तथा दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बापत छ प्रतिशत रकम भुक्तानी गरिरहेको छ । यो रकम (क) नेटवर्क सेवा प्रदायकहरुले स्याटेलाइट सेवा प्रदायकलाई विदेशी विनिमय मुद्रामा भुक्तानी गर्नुपर्ने शुल्क, (ख) इन्टरनेट सेवा प्रदायकहरुले भुक्तानी गर्नुपर्ने ब्याण्डविथको शुल्क, (ग) नेपाल टेलिकमलाई भुक्तानी गर्नुपर्ने शुल्क तथा (घ) नेपाल दूरसञ्चार प्राधिकरणका अन्य अनुमति प्राप्त सेवा प्रदायकलाई तिर्नुपर्ने शुल्कहरु कट्टा नगरी कुल आम्दानीमा लाग्ने गरेको छ । यसले सेवा प्रदायकहरुलाई ठूलो आर्थिक भार परेको छ । अन्ततोगत्वा यो भार ग्राहकमाथि नै पर्छ ।

नेपाल डिजिटल माध्यमको युगमा प्रवेश गरिसके पनि यसको विकास र उपयोगका लागि आवश्यक प्रवर्द्धनकारी नीति र कानुनको अभाव; अव्यावहारिक शुल्क तथा कर प्रणाली; नियामक निकायहरूबीच कार्यक्षेत्रको अस्पष्टता र समन्वयको अभाव तथा स्याटलाइट/ब्याण्डविथको चर्को शुल्कले गर्दा आमजनताले डिजिटल प्रविधिबाट पर्याप्त मात्रामा लाभ पाउन सकेका छैनन् । डिजिटल माध्यमबाट प्राप्त हुनसक्ने निर्वाध सञ्चार गर्ने तथा सूचनाको अधिकारबाट आम जनता बञ्चित छन् । यो स्थितिलाई सुधार गरी डिजिटल माध्यमलाई आमजनताको लागि दुर्गम क्षेत्रमा समेत सर्वसुलभ र प्रभावकारी बनाउनका लागि देहायका व्यवस्था/सुधार हुनु आवश्यक छ :–

- जनताको निर्वाध सञ्चार गर्ने र सुसूचित हुने हक अन्तर्गत डिजिटल माध्यमको स्वतन्त्रतालाई सुनिश्चित/प्रत्याभूत गर्नुपर्ने ।
- डिजिटल माध्यम सम्बन्धी कुनै पनि प्रकारका सेवा प्रदायक कम्पनीहरूबीच खुल्ला प्रतिस्पर्धा हुनुपर्ने र सेवाको मूल्य निर्धारण गर्दा सर्बसाधारण जनताले उपभोग गर्न पाउनु पर्ने अवधारणालाई आत्मसात गर्दै कुनैपनि प्रकारको मूल्यमा एकाधिकार (कार्टेलिङ्ग) लाई कानूनी रूपमा अवैध घोषणा गरी कडा कारवाहीको व्यवस्था गनुपर्ने ।

- नेपालको भौगोलिक स्थिति र छरिएका बस्तीहरूमा सञ्चारका लागि स्याटेलाइट/भीस्याट लिङ्क तथा ताररहित प्रविधि उपयुक्त र प्रभावकारी माध्यम भएको हुनाले अन्तर्राष्ट्रिय भीस्याट सेवा प्रदायक कम्पनीबाट सेवा लिँदा अपनाइने प्रक्रिया सरल गर्ने, लाइसेन्स (इजाजत) शुल्क हटाउने र अव्यावहारिक करप्रणालीलाई सुधार्ने । संभव भए नेपालको आवश्यकतालाई उपयुक्त हुने स्याटेलाइटको विशेष व्यवस्था मिलाउने । आवश्यक परेमा यसका लागि ग्रामीण दूरसञ्चार विकास कोषबाट अनुदान दिने व्यवस्था गर्ने ।

- नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकहरू (ISP) ले सेवा संचालनका लागि लिनुपर्ने विभिन्न प्रकारका इजाजतको (स्याटलाइटको प्रयोग, नेटवर्किङ आदि) झन्झटिलो प्रक्रियालाई सरल बनाउने र इजाजतपत्र लिँदा एक पटकलाई न्युनतम इजाजत दस्तूर राख्ने, प्राधिकरणको वार्षिक खर्चका लागि प्राधिकरणले तयार गरेको बजेटका आधारमा सेवा सञ्चालकका समायोजित कुल आयबाट दामासाहीका हिसाबले उपलब्ध गराउने व्यवस्था हुनुपर्ने । हाल लिइरहेको RTDF ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्ने कार्य जारी रहेसम्म लिने तर लिइआएको ४ प्रतिशत रोयल्टी नलिने । नवीकरण गर्दा लाग्ने सबै खालका शुल्क, रोयल्टी खारेज गरी अभिलेख र नवीकरणको प्रयोजनको लागि मात्र न्यूनतम -नाममात्रको) शुल्क लिने ।

- आईएसपीहरूले स्याटेलाइट सेवा प्रदायकहरूसँग मिलेर अन्तर्राष्ट्रिय गेटवे स्थापना गर्न सक्ने; सहुलियत दरमा सूचनाको महामार्गको उपयोग गर्न पाउने; केबुल टेलिभिजनका केबुलमार्फत इन्टरनेट सेवा दिन सक्ने, फाइबर अप्टिक तथा ताररहित/रेडियो उपकरण प्रयोग गरी ग्राहकसम्म (last mile access) सेवा पुऱ्याउनसक्ने व्यवस्था गर्ने । यसका लागि प्रयोग गरिने २.४ तथा ५.८ गिजाहर्ज फ्रिक्वेन्सीमा चल्ने आइएसएम व्याण्डका उपकरणहरूको आयात, खरिद र उपयोगका लागि इजाजत लिनु नपर्ने र शुल्क नलाग्ने व्यवस्था गर्ने ।

- ग्रामीण तथा दुर्गम क्षेत्रमा इन्टरनेट सेवा संचालन गर्ने आइएसपीहरूबाट ग्रामीण दूरसञ्चार विकास कोषबापत लिइने शुल्क छुट गर्ने र त्यस्ता आइएसपीहरूले ग्रामीण र दुर्गम क्षेत्रमा सेवा पुर्‍याउनका लागि तिनले निर्माण गर्ने पूर्वाधारका लागि उक्त कोषबाट अनुदान दिने व्यवस्था गर्ने ।

- स्थानीय निर्वाचित निकाय वा नाफा कमाउने उद्देश्य नभएका आधिकारिक संस्थाले स्थानीय स्तरमा आईएसपी सञ्चालन गर्न चाहेमा सबै प्रकारका शुल्क छुट गर्ने र ग्रामीण दूरसञ्चार विकास कोषबाट पूर्वाधार निर्माण, यन्त्र उपकरण खरिदका लागि अनुदान तथा सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्ने ।

- सूचना तथा सञ्चार सामग्री उत्पादन, प्रकाशन र प्रसारण गर्ने संस्थाले आफ्नो उत्पादन/कार्यक्रम डिजिटल माध्यमबाट अन्य स्थानमा सम्प्रेषण गरी आफ्नै कार्यालय वा अन्य उत्पादक तथा प्रसारकलाई विक्रीवितरण गर्नका लागि आफ्नै नेटवर्क निर्माण गर्न चाहेमा त्यसका लागि इजाजत दिने व्यवस्था हुनुपर्ने ।

- इन्टरनेटबाट डेटा सम्प्रेषण गरेजस्तै ध्वनि सम्प्रेषण गरी कम्प्युटरहरूको माध्यमबाट कुराकानी (VoIP) लाई खुला गर्ने । कम्प्युटरहरूबीच वा कम्प्युटर र टेलिफोनबीच कुराकानी गर्ने सुविधालाई आमउपभोक्ताले उपयोग गर्न पाउनु पर्ने । तर अनधिकृत

संस्था वा व्यक्तिबाट हुनसक्ने अन्तर्राष्ट्रिय कल बाइपासलाई समय सापेक्ष नीति नियमहरू बनाई नियमन गर्ने ।

## अनलाइन पत्रकारिताको प्रवर्द्धनका लागि देहायका व्यवस्था गरिनु पर्ने

- डिजिटल माध्यमबाट सूचना, ज्ञान र समाचारका विभिन्न सामग्रीहरू निर्वाध रुपमा प्रसारित भइरहेको तथा परम्परागत अखबार, रेडियो र टेलिभिजनसमेत अनलाइन माध्यमबाट प्रसारित भइरहेको सन्दर्भमा नेपालमा समाचारीय विषयवस्तुलाई मात्रै समेटेर परम्परागत पत्रकारिताको अवधारणामा सीमित भएका अनलाइन पत्रिकालाई अलग्याएर हेर्न गाह्रो छ । अनलाइन माध्यम सबैभन्दा लोकतान्त्रिक, उदार र निर्वाध माध्यम भएको तथा इन्टरनेटमा पहुँच भएका जोसुकैले पनि सूचना र समाचारीय विषयवस्तु सम्प्रेषण गर्न सक्ने हुनाले अनलाइन पत्रकारितालाई नियम कानूनमा बाँधेर राख्नु यो प्रविधिकै स्वभाव विपरीत हुने हुँदा दर्ता गरेर मात्रै अनलाइन पत्रिका प्रकाशित गर्न पाउने व्यवस्था गर्नु नहुँने । तर कसैले कम्पनी दर्ता गरी, व्यावसायिकता, विश्वसनीयता र पत्रकारिताका मान्यताअनुसार सम्पादकीय जनशक्ति प्रयोग गरी अनलाइनमार्फत पत्रिका प्रकाशित गर्न चाहेमा निज कम्पनीलाई छापापत्रिकाको मान्यता र सुविधा दिइनुपर्ने । यसका लागि सम्बन्धित व्यवसायीहरूसँग परामर्श गरी निश्चित मापदण्डको आधारमा दर्ता गर्ने व्यवस्था गर्ने ।

- इन्टरनेटबाट प्रवाहित हुन सक्ने आपत्तिजनक सामग्रीमाथि नियन्त्रण गर्ने सम्बन्धमा डिजिटल प्रविधिको बाधारहित आवागमन र अन्तर्राष्ट्रिय उद्‌गम, अदालतको अधिकार क्षेत्र, अन्तर्राष्ट्रिय सम्झौता र माध्यमको अस्थिर एवम् अष्पस्ट स्वरुप (Media Convergence) आदि विशेष चरित्रले गर्दा यसलाई नियमन गर्न र कानूनको दायरामा ल्याउन समस्या देखिएको छ । तापनि माध्यम फरक पर्दैमा अपराध र दण्डको स्वरुप र मात्रा नफेरिने प्रचलित मान्यता डिजिटल माध्यममा पनि लागू हुन्छ । अतः साइबर अपराधलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदायमा प्रचलित ऐन, कानूनअनुसार कानून बनाउने तथा प्रविधिको विकासअनुसार कानूनलाई निरन्तर अध्यावधिक गर्ने ।

- पत्रकारहरूले सीमित आयस्रोतले गर्दा डिजिटल प्रविधि चाहेर पनि अपनाउन सकेका छैनन् । प्रकाशन गृहहरूले कम्प्युटर, क्यामरा आदि डिजिटल उपकरण भएका पत्रकारहरूलाई प्राथमिकता दिएर काममा लगाउने प्रवृत्ति देखिन्छ । डिजिटल प्रविधि उपयोग गरी रिपोर्टिङ गर्ने पत्रकारहरूलाई उपकरण उपलब्ध गराउनु प्रकाशन गृहको दायित्व हो । पत्रकारले डिजिटल उपकरण र प्रविधि खरिद गर्न चाहेमा सहुलियत वा अनुदान तथा प्राविधिक तालिमको व्यवस्था गर्नुपर्ने ।

# भाग ७

# प्रेस र सञ्चारको संस्थागत संरचना र सुदृढीकरण

आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यको भूमिका मूलतः नियामक र सहजकर्ता हुने भएकाले राज्यको कार्यकारिणी निकायअन्तर्गत मन्त्रालय, विभाग र कार्यालयले गर्ने नियन्त्रणकारी भूमिकाबाट प्रेस र सञ्चार जगत्लाई स्वतन्त्र राख्न अहिलेको विद्यमान संरचनामा परिवर्तन गरी अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न, छापाखाना तथा प्रेससम्बन्धी हकलाई जीवन्त बनाउन र जनताको सुसूचित हुने हकलाई प्रभावकारी रूपमा प्रचलन गराउन स्वतन्त्र र अधिकार सम्पन्न छुट्टै निकायको स्थापना गर्नु आवश्यक छ । जनताको सुसूचित हुने हकसँग सम्बन्धित कानून अविलम्ब जारी गर्नु एकातर्फ त्यतिकै आवश्यक छ भने अर्कोतर्फ सञ्चार माध्यमको स्वतन्त्रताको संरक्षण र सूचनाको हकको प्रचलनका लागि संवैधानिक अंगको रूपमा देहायबमोजिम सूचना तथा सञ्चार आयोगको गठन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

## सूचना तथा सञ्चार आयोग

### १. आयोगको गठन

क. आयोगमा प्रमुख सूचना तथा सञ्चार आयुक्तसहित ५ जना सम्म सदस्य रहने व्यवस्था गर्ने,

ख. आयोगको प्रमुख सूचना तथा सञ्चार आयुक्तलगायत सदस्यहरुको नियुक्ति प्रक्रिया, पदावधि र सेवा सर्तसम्बन्धी व्यवस्था संवैधानिक पदाधिकारीसरह बनाउने,

ग. आयोगको प्रमुख आयुक्त र सदस्यहरू आम सञ्चारको क्षेत्र, सूचना तथा प्रविधिका क्षेत्र, कानूनका क्षेत्र र व्यवस्थापन क्षेत्रका विज्ञ हुनुपर्ने गरी योग्यता निर्धारण गर्ने र समावेशी मान्यताअनुरूप नियुक्ति गर्ने,

### २. आयोगको काम, कर्तव्य र अधिकार

**क. उजुरी सुन्ने**

- सूचना नदिएको, गलत र झूटा सूचना दिएको, अपूर्ण सूचना दिएको, सूचना दिन ढिलाइ गरेको, अड्को थापी सूचना नदिएका जस्ता विषयहरूको उजुरी सुन्ने ।

- प्रेस र अभिव्यक्ति स्वतन्त्रताको हकको उल्लंघनका विषयमा उजुरी सुन्ने ।

- छापा एवम् प्रसारण माध्यमको हकको उल्लंघन विषयमा उजुरी सुन्ने ।

**ख. जाँचबुझ गर्ने**

- उजुरीउपर सोधपुछ गर्ने र आवश्यकताअनुरूप जाँचबुझ गर्ने ।
- प्रमाण बुझ्ने, प्रमाण बुझ्ने सम्बन्धमा देवानी अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने ।

**ग. आदेश दिन सक्ने**

- सूचना प्रवाह गर्न,
- सूचना अधिकृत नियुक्ति गर्न,
- सूचनाको वर्गीकरण गर्न र प्रकाशन गर्न,
- सूचनाको अभिलेख उचित किसिमले व्यवस्थापन गर्न,
- जनशक्तिको क्षमता अभिवृद्धिमा उचित व्यवस्था गर्न,
- उजुरीकर्तालाई नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति दिन,
- हक प्रचलन गराउन ।

**घ. परामर्श र सिफारिस गर्ने**

- सूचनाको हकसम्बन्धी कानून, अभिव्यक्ति स्वतन्त्रता र सञ्चार माध्यमको विषयमा कानून बनाउनु पूर्व तत्सम्बन्धमा आवश्यक परामर्श दिने,
- सञ्चार माध्यमको स्वतन्त्रताको संरक्षणका निम्ति आवश्यक पर्ने विषयहरुमा सिफारिस गर्ने,

**ङ. वार्षिक प्रतिवेदन पेश गर्ने**

- सूचना तथा सञ्चार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन संसद्मा पेश गर्ने ।

**च. अन्य कार्य**

- प्रेस तथा सञ्चार क्षेत्रको विकासमा आवश्यक पर्ने कानून, नीति, मार्गदर्शन जारी गर्न सरकारलाई सिफारिस गर्ने ।
- प्रेस तथा सञ्चार क्षेत्रसँग सम्बन्धित विषयमा अनुसन्धान, तालीम, प्रशिक्षण, अन्तर्क्रिया, गोष्ठी आदि गर्ने ।
- सूचना तथा सञ्चार क्षेत्रलाई टेवा पुग्ने किसिमको सामग्रीहरू प्रकाशन गर्ने ।
- प्रेस तथा सञ्चारका विषयमा जनचेतना अभिवृद्धि गर्न, गराउन आवश्यक कार्यहरू गर्ने ।

## प्रेस काउन्सिलको संरचना र भूमिकामा सुधार

स्वस्थ पत्रकारिताको विकासका निम्ति परिवर्तित सन्दर्भमा प्रेस काउन्सिलको गठन, काम, कर्तव्य, अधिकार र भूमिकामा देहाएबमोजिमको व्यवस्था गर्नु उचित हुने देखिन्छ :–

- प्रेस काउन्सिललाई पत्रकारको आचारसंहिता तर्जुमा गर्ने, सोको अनुगमन गर्ने, आचारसंहिताको उल्लंघनमा उजुरी सुन्ने र कारबाही गर्ने स्वतन्त्र र प्रभावकारी निकायको रूपमा विकास गर्न तदनुरूपको व्यवस्था गर्ने ।
- प्रेस काउन्सिलले सञ्चालन गर्दै आएको मिडिया विकास कोषको सञ्चालनको जिम्मेवारी सम्बद्ध दातासँग समेत छलफल गरी सूचना विभाग वा अन्य निकायलाई तोक्ने ।
- प्रेस काउन्सिलले अद्यावधिक रूपमा पत्रपत्रिकाको अभिलेख राख्ने । अभिलेखका अतिरिक्त प्रतिलिपि अधिकार (कपी-राइट) र आचार संहिता अनुगमनको प्रयोजनका निम्तिसमेत हरेक प्रकाशकले आफ्ना प्रकाशन नियमित रूपमा काउन्सिलमा उपलव्ध गराउनु पर्नेछ ।
- प्रेस काउन्सिलले पत्रकार आचारसंहिताको पालना भए-नभएकोसम्बन्धमा अनुगमन गर्न विशेष संयन्त्र र आन्तरिक कार्यपद्धतिको निर्माण आफैंले गर्न सक्ने ।
- कुनै सञ्चारकर्मी पत्रकार हो वा होइन वा कुनै सूचना सामग्री पत्रकारिताको विषयवस्तुभित्र पर्छ वा पर्दैन भन्ने सम्बन्धमा निराकरण गर्ने अधिकार प्रेस काउन्सिललाई हुने ।
- छापा र प्रसारण माध्यमलगायत सञ्चारको कुन क्षेत्र र कुन पक्षलाई पत्रकार आचारसंहिताको दायराभित्र समावेश गर्ने भन्ने विषयको निर्णय गर्ने अधिकार प्रेस काउन्सिललाई हुने ।
- प्रेस काउन्सिलको गठन सरकार (मन्त्रिपरिषद्)ले स्वतन्त्र निकायको रूपमा गर्नुपर्नेछ । काउन्सिल गठन गर्दा न्याय-कानून र पत्रकारिताका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका अनुभव प्राप्त प्रतिष्ठित व्यक्तिहरूलाई नियुक्ति गर्ने । यसरी नियुक्ति गर्दा महिला, दलित, जनजाति, मधेशीलगायत विभिन्न भाषा-भाषीसमेतको उचित प्रतिनिधित्व हुने व्यवस्था गर्ने । यसैगरी सक्रिय पत्रकारको रूपमा क्रियाशील भएको व्यक्ति प्रेस काउन्सिलमा नियुक्ति भएपछि प्रेस काउन्सिलको निष्पक्षता र स्वतन्त्रता कायम राख्न त्यस्तो व्यक्तिले सञ्चार माध्यममा आफूलाई पूर्ववत् क्रियाशील गराइराख्न नहुने व्यवस्था गर्ने ।
- प्रेस काउन्सिलमा पूर्णकालीन काम गर्ने पदाधिकारीलाई उचित मर्यादाका साथ आकर्षक पारिश्रमिक र सुविधाको समेत व्यवस्था गर्ने ।
- प्रेस काउन्सिललाई प्रभावकारी निकायको रूपमा विकसित गर्न आवश्यक उपकरण, प्राविधिक एवम् अन्य जनशक्ति र पर्याप्त आर्थिक स्रोत सरकारले उपलब्ध गराउने कुराको सुनिश्चितता हुनुपर्ने ।

## राष्ट्रिय प्रसारण प्राधिकरण

व्यापारिक, सामुदायिक तथा शैक्षिक प्रसारण संस्थाहरूले जनताको सुसूचित हुने हकलाई प्रचलन गराउनका लागि राजनीति र व्यापारिक स्वार्थबाट मुक्त भई काम गर्ने वातावरण

निर्माण गर्न त्यस्ता प्रसारण संस्थाहरूलाई इजाजत दिन, अनुगमन गर्न र नियमन गर्न स्वतन्त्र निकायको रूपमा राष्ट्रिय प्रसारण प्राधिकरण स्थापना गर्नु आवश्यक छ।

**१. प्रसारण प्राधिकरणको गठन**

- प्रसारणका विविध क्षेत्रमा विशिष्ठता हासिल गरेका व्यक्तिहरूमध्ये कम्तीमा ५ जनादेखि बढीमा ९ जनासम्मको प्राधिकरणको सञ्चालक समिति (बोर्ड) गठन गर्ने।
- प्राधिकरणको सञ्चालक समितिका सदस्यहरूको नियुक्ति सरकार (मं.प.) ले ५ वर्षको लागि गर्ने।
- प्राधिकरण गठन गर्दा समावेशी मान्यताको आधारमा गर्ने।
- प्राधिकरणको पदाधिकारीहरूको सेवा, सर्त ऐनद्वारा नै तोकिनुपर्ने।

**२. प्राधिकरणको काम, कर्तव्य र अधिकार**

- प्रसारण संस्थालाई प्रसारणको इजाजत दिने।
- प्रसारण माध्यम र संस्थाहरूको वर्गीकरण गर्ने।
- प्रसारण हुने सामग्रीको गुणस्तर मूल्याङ्कन गर्ने।
- फ्रिक्वेन्सी व्यवस्था योजना (Frequency Spectrum Plan) तर्जुमा गर्ने, कार्यान्वयन र अनुगमन गर्ने।
- प्रसारण संथाहरूले तोकिएबमोजिमको काम गरे-नगरेको सम्बन्धमा अनुगमन गर्ने।
- प्रसारण नीति तर्जुमा गर्ने।
- प्रसारण संस्थाहरूको विकास र सुदृढीकरणका निम्ति आवश्यक अन्य कार्यहरू गर्ने।
- प्राधिकरण सञ्चालन गर्नका निम्ति प्रसारण संस्थाबाट निश्चित शुल्क उठाउने अधिकार प्राधिकरणलाई हुने।

## सार्वजनिक सेवा प्रसारण सम्बन्धमा

लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारी स्वामित्वमा कुनै पनि किसिमको प्रसारण माध्यम राख्नु उचित हुँदैन। यसै मान्यताको आधारमा नेपाल टेलिभिजन, रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting) अन्तर्गत राख्नु परिवर्तित सन्दर्भमा आवश्यक छ। सार्वजनिक प्रसारण सो वा अन्तर्गतको प्रसारण माध्यमले सार्वजनिक हित र आम नागरिकको स्वार्थलाई सर्वोपरिता दिई सोहीअनुरूप सेवा प्रदान गर्नुपर्दछ। सार्वजनिक प्रसारण सेवालाई राजनीतिबाट स्वतन्त्र र बजारको प्रभावबाट अलग्गै संस्थाको रूपमा विकास गर्न सोहीअनुरूपको संगठनात्मक स्वरूप र आर्थिक स्रोतको व्यवस्था विशेष ऐनद्वारा नै गर्ने व्यवस्था विभिन्न मुलुकका प्रयोग र प्रचलनमा रहेको देखिन्छ। लोकतान्त्रिक राज्य व्यवस्थाले आत्मसात् गरेका सिद्धान्तअनुरूप नै सार्वजनिक प्रसारण सेवाका रूपमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई लैजान सार्वजनिक प्रसारण सेवासम्बन्धी छुट्टै कानूनको व्यवस्था गरी सोहीअनुरूप स्वतन्त्र बोर्डको

गठन गर्ने, योग्य र सक्षम व्यक्तिको नियुक्ति गर्ने, त्यस्तो बोर्ड संसद्प्रति उत्तरदायी हुने र संसदीय सुनुवाइ समितिको सिफारिसमा सरकारद्वारा बोर्ड गठनको व्यवस्था गर्ने र आर्थिक स्रोत-साधनको सुनिश्चितताजस्ता व्यवस्था हुनुपर्ने ।

## गोरखापत्र संस्थान

राज्यले सञ्चार माध्यमहरू सञ्चालन गरिराख्नु लोकतान्त्रिक मान्यताअनुरूप नभएकाले गोरखापत्र संस्थानलाई सरकारको स्वामित्व र नियन्त्रणबाट पूर्ण रूपमा मुक्त गर्ने व्यवस्था गर्ने ।

## राष्ट्रिय समाचार समिति

राष्ट्रिय समाचार समितिको विकल्पको रूपमा निजी क्षेत्र सक्षम भई अर्को संरचना निर्माण नभएसम्म राष्ट्रिय समाचार समितिलाई जनताप्रति बढी जिम्मेवार र उत्तरदायी बनाउँदै लैजानुपर्ने ।

# भाग ८

# विज्ञापन नीति, सम्परीक्षण र वर्गीकरण

## १. विज्ञापन नीति

प्रेस तथा सञ्चार माध्यमको संस्थागत विकास र सुदृढीकरणमा टेवा पुऱ्याउने महत्वपूर्ण पक्ष भनेको विज्ञापन हो । केन्द्रदेखि मोफसलसम्मका प्रकाशन/प्रसारणले समानुपातिक किसिमले विज्ञापन प्राप्त गर्न सकेमा नै प्रेसको वाञ्छित विकास सम्भव हुन सक्छ । विज्ञापनका सम्बन्धमा देहायका व्यवस्था हुनु आवश्यक छ :-

- विज्ञापनको प्रकृति, विज्ञापनको उद्देश्य र त्यसको असर/प्रभावका आधारमा विज्ञापनलाई 'लोककल्याणकारी विज्ञापन', 'सार्वजनिक सूचनासम्बन्धी विज्ञापन' र 'व्यापारिक विज्ञापन' भनी वर्गीकरण गर्नुपर्दछ । समाजको सर्वाङ्गिण हित र कल्याणको दृष्टिले गरिने विज्ञापनलाई लोककल्याणकारी विज्ञापन, सार्वजनिक सरोकार र चासोसँग सम्बन्धी सूचनामूलक विज्ञापनलाई 'सार्वजनिक सूचनासम्बन्धी विज्ञापन' र वस्तु तथा सेवाको लगानी र बिक्री प्रवर्द्धनको उद्देश्य बोकेका विज्ञापनलाई 'व्यापारिक विज्ञापन' भनी वर्गीकरण गर्नु वाञ्छनीय देखिन्छ । यसमध्ये लोककल्याणकारी विज्ञापन र सरकारी निकायका सार्वजनिक सूचनासम्बन्धी विज्ञापन राज्यले समानुपातिक किसिमबाट वितरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

- विज्ञापन व्यवसायलाई एउटा स्वतन्त्र उद्यमका रूपमा प्रवर्द्धन गर्नु आवश्यक छ । तर सामाजिक मूल्य-मान्यता, संस्कृति; आदर्श, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, बालबालिका र उपभोक्ताको तात्कालिक एवम् दीर्घकालीक हित प्रतिकूल हुने किसिमले विज्ञापन गर्न नपाइने व्यवस्था गरिनुपर्दछ । स्वस्थ रूपमा विज्ञापन व्यवसाय प्रवर्द्धन गर्न विश्वव्यापी मान्यताअनुरूपको "विज्ञापन आचारसंहिता" तर्जुमा गरी प्रभावकारी अनुगमनको व्यवस्था गरिनुपर्दछ ।

- राज्यले हालसम्म छापा सञ्चारमाध्यमलाई दिँदै आएको लोककल्याणकारी विज्ञापनको अनुदान रकम वृद्धि गर्दै लैजानुपर्दछ । यो रकम नेपाल राष्ट्र बैंकले स्वीकार गरेको मुद्रास्फीति दरअनुसार वर्षेनि वृद्धि हुनुपर्दछ । यो विज्ञापन आजसम्म छापा माध्यममा मात्र सीमित रहेकोमा अब कम्तीमा मोफसलका एफएफ रेडियोहरूलाई समेत वर्गीकरणको आधारमा उपलब्ध गराइनुपर्दछ ।

- हालसम्म सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभागबाट पत्रपत्रिकाहरूलाई वितरण हुँदै आएको लोककल्याणकारी विज्ञापन आइन्दा एफएम रेडियोहरूलाई समेत दिने र त्यस्तो विज्ञापनको वितरण जिल्ला विकास समितिहरूमार्फत गर्ने । यसका निम्ति लोककल्याणकारी विज्ञापनका लागि विनियोजित बजेटबाट निश्चित रकम (उदाहरणार्थ- प्रत्येक जि.वि.स.लाई रू. २ लाख) हरेक जिविसलाई समान रूपमा उपलब्ध गराउने र बाँकी रकम जिल्लाको जनसंख्याको अनुपातमा जिविसहरूबीच नै बाँडफाँड गर्ने । यस्तो रकम बजेट पुस्तिकामा नै उल्लेख गरी अर्थ मन्त्रालयबाट सीधै जिविसहरूमा जाने व्यवस्था गर्ने ।

- पिछडिएका क्षेत्र, समुदाय वर्गको हितका निम्ति लक्षित तथा नेपाली बाहेक नेपालका अन्य भाषाहरूमा प्रकाशित वा प्रसारित हुने सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन दिदाँ प्राथमिकता र थप सुविधा दिने ।

- कुनै पनि सञ्चार माध्यमबाट प्रकाशित र प्रसारित हुने सामग्रीहरूमा ४० प्रतिशतभन्दा बढी विज्ञापनको भाग हुनु नहुने, सामुदायिक र सार्वजनिक रेडियो, टिभीमा प्रसारण समयको १५ प्रतिशतभन्दा बढी विज्ञापनको भाग हुनु नहुने ।

- स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरका विज्ञापन स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरका पत्रपत्रिका एवम् रेडियोलाई दिनुपर्ने ।

- सम्परीक्षण समितिबाट वर्गीकृत भएका तथा पत्रकार आचारसंहिता पालना गरेका पत्रपत्रिका एवम् रेडियोले मात्र विज्ञापन प्राप्त गर्न सक्ने व्यवस्था गर्ने ।

- प्रकाशित तथा प्रसारित विज्ञापनहरू विज्ञापन-आचारसंहिताअनुरूप छ-छैन भन्ने कुराको अनुगमन र तत्सम्बन्धी उजुरी-गुनासो सुन्ने कार्य प्रेस काउन्सिलले गर्ने व्यवस्था गर्ने ।

## २. सम्परीक्षण र वर्गीकरण

सञ्चार माध्यमको सम्परीक्षण र वर्गीकरणका लागि देहायको व्यवस्था हुनुपर्ने ।

- सञ्चार माध्यमको सम्परीक्षण र वर्गीकरणको काम हालको जस्तो प्रेस काउन्सिलमार्फत नभई विज्ञापनदाता, प्रकाशक, सञ्चारका उपभोक्ता, सञ्चारविज्ञ, पत्रकार, प्रेस काउन्सिल र सरकारको प्रतिनिधि आदि मध्येबाट गठित स्वतन्त्र निकायबाट निश्चित सर्त र आधार तय गरी वस्तुनिष्ठ र पारदर्शी रूपमा हुनुपर्ने ।

- सम्परीक्षण गर्दा सम्बन्धित प्रकाशन/प्रकाशनको वितरण, पाठक संख्या, क्षेत्र विस्तार, जनसंख्या आदि जस्ता पक्षहरूमा ध्यान दिई बजार सर्वेक्षणको विश्वव्यापी मापदण्डका आधारमा वस्तुनिष्ठ र वैज्ञानिक पद्धतिबाट हुनुपर्ने ।

- सम्परीक्षण र वर्गीकरण सम्बन्धी आधार र सर्तहरूको व्यवस्था एवम् सम्परीक्षण समितिको गठन कानूनद्वारा व्यवस्थित हुनुपर्ने ।

- सम्परीक्षण र वर्गीकरण गराउन चाहने इच्छुक प्रकाशनले "सम्परीक्षण समिति" समक्ष तोकिएको शुल्कसहित तोकिएको सर्त र ढाँचामा आवेदन दिनुपर्ने । यसरी सम्परीक्षण र वर्गीकरण गराउन चाहने प्रकाशन/प्रसारणले आफ्नो प्रकाशन/प्रसारण राष्ट्रिय वा क्षेत्रीय वा स्थानीय कुन स्तरको हो सो कुरा स्पष्ट उल्लेख गरी आवेदन गरेको हुनुपर्ने ।

- सम्परीक्षण समितिले सञ्चारमाध्यमको सम्परीक्षण र वर्गीकरण गर्दा राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा वर्गीकृत गर्ने र हरेक तहको वर्गीकरणका निम्ति पाठक र श्रोता संख्या, वितरण क्षेत्र, जनसंख्या, जनशक्तिको स्थिति र श्रमजीवी पत्रकारहरूको हक-हितको संरक्षणको अवस्था, प्रविधि, पृष्ठ, आकार एवम् संख्या जस्ता विभिन्न आधारहरू तय गरी सोको आधारमा सम्परीक्षण र वर्गीकरण गर्ने व्यवस्था हुनुपर्ने ।

- सम्परीक्षण र वर्गीकरणका निम्ति आवेदन दिँदा प्रकाशन/प्रसारणले राष्ट्रियतहको वर्गमा वर्गीकृत हुन चाहेमा केन्द्रीय सम्परीक्षण समिति समक्ष र क्षेत्रीय वा स्थानीय तहको वर्गमा वर्गीकृत गर्न चाहेमा क्षेत्रीय सम्परीक्षण समिति समक्ष आवेदन दिनु पर्ने ।

# भाग ९

# विविध

- आमसंचारका क्षेत्रमा नयाँनयाँ माध्यम र प्रविधिको विकास भइरहेको; सञ्चार माध्यममा व्यापारिक प्रवृत्ति बढदै गएको र लोककल्याणकारी भूमिका घटदै गएको तथा इन्टरनेटजस्ता उपभोक्ता स्वयं सक्रिय उत्पादक हुनसक्ने (इन्टरएक्टिभ) प्रविधिको उपयोग निरन्तर बढिरहेको सन्दर्भमा समाजमा सञ्चार माध्यमबाट हुनसक्ने दुष्प्रभाव घटाउनका लागि सञ्चार माध्यमको संचालन तथा सबै खालका सूचनामा प्रवाहित हुने विज्ञापनलगायतका विषयवस्तु/सामग्री को उत्पादन, लक्ष्य/स्वार्थ, प्रस्तुति, सामाजिक तथा सांस्कृतिक पक्ष तथा समग्रमा आमसञ्चारलाई विश्लेषण गर्ने विषयमा आमसञ्चारका आमउपभोक्तालाई सचेत र शिक्षित बनाउन, अनुसन्धान गर्न राज्यले शिक्षण संस्थाहरुमा सहयोग गर्नुपर्ने ।
- हाल पेन्टियम तीन भन्दा पुस्ताका कम्प्युटर पैठारी गर्न प्रतिवन्ध गरिएकोमा व्यापारिक प्रयोजनको लागि नभई शैक्षिक तथा सामाजिक संस्थाहरुको प्रयोगका लागि उपहार वा सहयोगमा प्राप्त हुने कम्प्युटरहरुमध्ये बजारमा सबैभन्दा पछि उपलब्धभन्दा दुई अघिल्ला पुस्ताका कम्प्युटर पैठारी गर्न पाउने व्यवस्था हुनुपर्ने ।
- पत्रिका प्रकाशनको लागि इजाजत लिई निश्चित अवधिसम्म त्यस्तो पत्रिका प्रकाशन नगरिएमा सो पत्रिकाको नाम अर्को पक्षलाई दिन सक्ने व्यवस्था गर्ने । यसरी अर्को पक्षलाई हस्तान्तरण गर्दा पूर्व प्रकाशकले व्यहोर्नुपर्ने कुनै दायित्व रहेछ भने त्यस्तो दायित्व दोश्रो पक्षले व्यहोर्नु नपर्ने गरी स्पष्ट गर्नुपर्ने ।
- गाली बेइज्जतीको कार्यलाई फौजदारी कसुरको रूपमा नराखी देवानी दायित्वको विषय भित्र राख्न गाली बेइज्जती ऐनलाई समसामयिक संशोधन गर्ने ।
- मुलुक संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको वर्तमान स्थितिमा स्वतन्त्र प्रेस र सञ्चार माध्यमहरूले एकातर्फ विशेष र संवेदनशील भूमिका निर्वाह गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ विद्यमान अन्योल र असुरक्षाको वातावरणले गर्दा सञ्चारकर्मी र सञ्चार माध्यमहरूलाई निर्वाध रूपमा आफ्नो पेशागत दायित्व निर्वाह गर्न कठिन हुन्छ । यो वस्तु तथ्यलाई ध्यानमा राखी संक्रमणकालको बेलामा पनि सञ्चारकर्मी र सञ्चार माध्यमहरूले निर्भीक र निर्वाध ढङ्गबाट काम गर्न संभव हुने वातावरण सिर्जना गर्न राज्य लगायत अन्य पक्षहरू समेतले विशेष ध्यान दिनुपर्ने ।

# अनुसूचीहरू

# अनुसूची – १

## उच्चस्तरीय मिडिया सुझाव आयोग (२०६३) लाई सुझाव दिने संघ/संस्थाहरू

1 नेपाल पत्रकार महासंघ
2 नेपाल प्रेस इन्स्टिच्युट
3 प्रेस चौतारी नेपाल
4 सम्पादक समाज नेपाल
5 नेपाल सम्पादक संघ
6 नेपाल प्रेस युनियन
7 अनलाइन मिडिया एसोसिएसन नेपाल
8 अन्तर्राष्ट्रि प्रेस स्वतन्त्रता र वाक् स्वतन्त्रता मिसन
9 छापा सञ्चार माध्यम/छापा पत्रकारिता
10 इमेज च्यानल
11 सामुदायिक र व्यावसायिक एफएम रेडियो
12 मिडिया प्वाइन्ट
13 नेपाल पत्रकार महासंघ (सिन्धुपाल्चोक शाखा)
14 नेपाल साहित्यिक पत्रकार संघ
15 विकासको लागि सूचना तथा सञ्चार अभियान (इम्मोड-नेपाल)
16 चैतन्यज्योति प्रकाशन
17 दिव्य चेतना साहित्यिक समाज
18 बूढानीलकण्ठ आश्रम
19 शोषण विरुद्धको मोर्चा
20 आदिवासी जनजाति पत्रकार संघ
21 मेची-महाकाली मिडिया सोसाइटी, नेपाल
22 नेपाल जर्नालिजम स्टुडेन्ट्स एसोसिएसन
23 राष्ट्रिय जनदबाब समूह
24 नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
25 नेपाल सद्भावना पार्टी
26 जन विश्वास साप्ताहिक (धनकुटा)
27 त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आम सञ्चार मिडिया विभाग
28 स्वतन्त्र रेडियो बचाउ आन्दोलन
29 नेपाल वान
30 नेपाल वातावरण पत्रकार समूह
31 दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा)
32 नाद विन्दू, अर्ध-वार्षिक
33 दृश्य नेपाल, पाक्षिक
34 मेची-महाकाली मिडिया सोसाइटी,कास्की शाखा ।

# अनुसूची – २

# International Press Freedom and Freedom of Expression Mission to Nepal
को सुझाव प्रतिवेदन

## अनुसूची – ३

# आयोगमा समितिहरूबाट पेश भएका प्रतिवेदनहरू

# अनुसूची – ४

**सन्दर्भ सूची**


- नेपाल अधिराज्यको संविधान, २०४७
- राष्ट्रिय सञ्चार नीति, २०४९
- पत्रकारिता क्षेत्र अध्ययन तथा सुझाव कार्यदल, २०५६ को प्रतिवेदन
- सामुदायिक प्रसारण, प्रस्तावित कानून तथा सर्वोच्च अदालतको फैसला, सामुदायिक रेडियो सहयोग केन्द्र-नेपाल वातावरण पत्रकार समूह, २०५९
- विद्युतीय सञ्चार माध्यमलाई व्यवस्थित र विकसित गरी सञ्चालन गर्नेबारेका सुझाव (२०६०)
- पत्रपत्रिकाको विकासको लागि सुझाव दिन गठित कार्यदलको प्रतिवेदन, २०६०
- आम सञ्चार कानूनको पुनरवलोकन, नेपाल पत्रकार महासंघ/दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (२०६३)।
- फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली (एफएम रेडियो) को स्थापना एवम् व्यवस्थापन सम्बन्धमा व्यवस्थित एवम् पारदर्शी नीति तर्जुमा गर्न गठित सुझाव समितिको प्रतिवेदन (२०६१)
- Toby Mendel: Public Service Broadcasting; A comparative Legal Survey, UNESCO, AIBD, 2000.
- Public Service Broadcasting: A Best Practices Sourcebook, UNESCO, 2005.
- A Model Public Service Broadcasting Law, International Standards Services, Article 19, 2005.
- Royal Charter for the Continuance of The British Broadcasting Corporation